# अध्याय- एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा विभिन्न जाति तथा जनजातिहरु उच्च हिमाली, पहाडी तथा तराईका विभिन्न भूभागहरुमा बसोबास गरिरहेका छन् । हरेक जाति तथा जनजातिहरुको आ-आफ्नै मौलिक भाषा, धर्म तथा संस्कृति भएको हुँदा नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय, देशको रुपमा रहेको छ (खत्री, २०३६) ।

थारु जाति नेपालको पूर्व मेचिदेखि पश्चिम महाकाली सम्म तराई जिल्लाहरुमा फैलिएर रहेका छन् । वि.सं. २०६८ सालको जनगणना अनुसार नेपालमा थारु जातिको जनसंख्या १७३७४७० रहेको छ जसमा महिला संख्या ८८४५०१ रहेको छ भने पूरुष संख्या ८५२९६९ छ । जुन कुल जनसंख्याको ६.७४ हुन आउँछ । त्यस्तै दाङ्ग जिल्लामा मात्र थारुहरुको संख्या १६२६६८ रहेको छ । जसमा महिला ८३९८४ र पुरुष ७८६८४ रहेको छ । थारु जातिको उत्पत्तिका सम्बन्धमा विभिन्न भनाइहरु पाइन्छन् । कसैले संस्कृतको “हयाष्णु” शब्दबाट “थारु” भएको हो भनेका छन् भने कसैले वौद्ध धर्मको एक स्थविरवादको “स्थविर” शब्दबाट थारु शब्दको उत्पत्ति भएको भनेका छन् । केहिका अनुसार राजस्थानको “थार’ मरुभूमिको नामबाट “थारु” हुन गएको तर्क दिन्छन् भने केहिले भारतमा भएको मुसलमानी आक्रमणबाट भागेर आएका राजपूतना आइमाईका सन्तान हुन् भनेका छन् । यी भनाइहरु मध्ये यो नै थारु जातिको उत्पत्तिका सम्बन्धमा उपयुक्त भनाइ हो भन्न सकिँदैन । थारु जातिको परम्परागत सामाजिक, सांस्कृतिक संरचना हेर्दा अन्य जातिभन्दा यिनीहरु पृथक देखिन्छन् ।

नेपालका मध्यपश्चिम क्षेत्रका दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरुमा कृषि मजदुरको रुपमा देशको अन्य क्षेत्रको भन्दा फरक किसिमले कमैया राख्ने प्रचलन थियो । सामान्यतया कमैया भन्नाले साह्रै जोतिन सक्ने, कमाइवाल आर्जनी, पौरखी वा हिक्मती, जग्गा धनीबाट नगदी वा जिन्सी लिएर सपरिवार अर्काको जग्गा कमाउने वा सो सरहका किसान भन्ने बुझिन्छ । त्यसैगरी परम्परागत रुपमा कमैया भन्नाले कडा परिश्रम गर्ने थारु पुरुषलाई मान्ने गरिन्छ । जमिन्दारसँग लिएको ऋण तिर्न नसके सोहि जमिन्दारकै घरमा

वर्षौसम्म काम गर्नुपर्ने अथवा नयाँ मालिकले उसको पुरानो ऋण तिरी दिएर आफ्नो घरमा कमैया राख्ने गर्दथे । यिनै कमैयाहरु पुस्तौसम्म बधुवा मजदुरको जीवन बिताउन बाध्य भएका थिए । जमिन्दारले कमैयाको ऋण तिरी दिने र आफ्नो घरमा कमैया राख्न लैजाने क्रम बढ्दै गएर कमैया खरिद विक्रीको रुपमा परिणत भई कमैया प्रथालाई बाँधाश्रम प्रणालीको अवशेषको रुपमा विकास गरियो (लामिछाने, २०६०) ।

नेपालमा विद्यमान कमारा कमारी प्रथा अन्तर्गत उनीहरुको पनि पशुको झैं मूल्य हुन्थ्यो । कमाराकमारी राख्नेले अरुसँग किनेको मुल्य जति हो, उनीहरुको मूल्य त्यति नै कायम हुन्थ्यो । यसरी स्वतन्त्र रुपले आफुलाई चाहिएजति कमाराकमारी किन्न पाईथ्यो नेपालको बजारमा (लामिछाने, २०६०) ।

कमैया प्रथाबारे नबुझी कम्लहरी बुझिँदैन किनकी कम्लहरी कमैया प्रथाकै सहउत्पादक हो । मेहनती थारु महिला/छोरी वा कमैयाको श्रीमतीलाई कम्लहरी भनिन्थ्यो भने अहिले त्यो परिभाषा रुपान्तरित भएको छ । अहिले निश्चित समयावधिका लागि, निश्चित ज्याला, अन्न वा अन्य सुविधा पाउने शर्तमा घरबाहिर काम गर्न गएका वा पठाइएका ७/८ वर्षदेखि लिएर ३०/३५ वर्ष उमेर समूहका थारु बालिका/महिला वा किशोरीलाई जनाउँछ । गरीब परिवारका लागि कम्लहरी प्रथाले केही हदसम्म खान र लाउनमा राहत प्रदान गरेका हुँदा यो एक पेशाको रुपमा स्थापित भएको छ । दाङ्गमा सबै भन्दा धेरै कम्लहरी रहेको तथ्याङ्क छ । २०५७ सालमा फ्रेन्डस अफ निड्डी चिल्ड्रेन (FNC) ले लिएको लागतमा ५००० कम्लहरी रहेको कुरा सार्वजनिक गरिएको थियो । त्यसै गरी २०६६ मा यो संख्या १७० मा झरेको छ । ९०% कम्लहरीहरु कमैया परिवारबाट जाने गरेको पाइएको छ । पछिल्लो तथ्याङ्क अनुसार पश्चिम नेपालको बाँकेमा ६५०, बर्दियामा १३९२, कञ्चनपुरमा ६००, कैलालीमा २५०० गरी जम्मा ५१४२ जना अहिले पनि कम्लहरी रहेका छन् । कम्लहरीको यकिन तथ्याङ्क कसैसँग पनि नभएको हुँदा यसैलाई आधिकारिक तथ्याङ्क मानिएको छ । पश्चिम नेपालमा थारुहरु कमैया र कम्लहरी जस्तो बधुवा प्रथामा बाँधिन पुग्नुको एउटा प्रमुख/आधारभूत कारण जग्गा विहिनता र गरिबी हो । आफ्नो जग्गा जमिन नभए पनि कृषिमा नै निर्भर रहने हुँदा यिनीहरु जमिनदारबाट शोषित र पीडित भएका छन् ।

कम्लहरीहरुको उत्पत्ति कहिले देखि भयो भनेर ठोस प्रमाण नभए पनि राणा प्रधानमन्त्री चन्द्रशम्शेरले तत्कालिन दासदासी, कमारा कमारी प्रथा अन्त्य गर्न वि.सं. १९८२ मा अभिलेख गराए पनि पश्चिम नेपालका अवशेषका रुपमा कम्लहरी, कमैया प्रथा कायम रहेको तथ्य पाइन्छ । सन् १९६७ मा इष्ट इन्डिया कम्पनी सरकारले नेपाललाई चार मुलुक बाँके, बर्दिया, कैलाली र कञ्चनपुर फिर्ता दिएपछि तराइका यी क्षेत्रहरुमा छन् (गौतम, २०४४) ।

२०५७ सालमा नेपाली काग्रेसका प्रधानमन्त्री शेर बहादुर देउवाको नेतृत्वको सरकारले कम्लहरी मुक्तको घोषणा गरेतापनि कम्लहरीहरुको समस्या भने उस्तै छ । साउन २ गते २०५७ का दिन सरकारको पूर्व तयारी र अदुरदर्शी घोषणाका कारण धेरैवर्ष बित्दा पनि मुक्त कम्लहरीहरुको समस्या पूर्ण रुपमा समाधान हुन् नसकेको सरकारको दाबी रहेको छ । बर्दिया, बाँके, दाङ, कैलाली, कञ्चनपुर गरी ५ जिल्लामा मुक्त कम्लहरीहरुको बस्ती रहेको छ । देशको जटिल सामाजिक समस्याको रुपमा रहेको कम्लहरी प्रथालाई निर्मुल पार्नको निमित्त दाङ जिल्लाका कम्लहरीहरुको लागत संकलन गर्ने, पहिचान भएका कम्लहरीहरुको पुर्नस्थापना गर्न, सीपमूलक तालिमहरु दिने र कम्लहरीको समुह गठन गरी उनीहरुलाई आर्थिक क्रियाकलापमा सक्रिय गराउन घुम्ती तथा बचत कोष परिचालन गर्ने काम सरकारी स्तरबाट २०५२ साल देखि शुरु भएको हो । २०५७ साल श्रावण २ गतेको तत्कालीन श्री ५ को सरकारको घोषणा पश्चात कमैया, कम्लहरीहरु बाँधा श्रमबाट मुक्त भएका हुन् । मुक्त हुँदा सरकारी पक्षबाट उनीहरुको कम्लहरी बस्ता लिएको ऋण तिर्नु नपर्ने र कसैले पनि कम्लहरी श्रमिकको रुपमा काममा लगाउनु र राख्न नपाईने व्यवस्था गरियो । कम्लहरी मुक्तिको घोषणासँगै कम्लहरीहरुको लागत संकलन तथा पुरानो लागत अध्यावधिक गरी परिचयपत्र दिने, उनीहरुको पुर्नस्थापना गर्ने, विभिन्न सीपमूलक तालिम दिने र आय आर्जन गरी आत्मनिर्भर बढ्न सक्षम बनाउने उद्देश्यले विभिन्न कार्यक्रमहरु संचालन भएका छन् । मुक्त कमैया, मुक्त कम्लहरी र तिनका परिवारका सदस्यहरुलाई विभिन्न सीपमूलक तालिम दिने घुम्ती कोष परिचालनमा सघाउ पुऱ्याउने, आयआर्जनका लागि व्यवसाय संचालन गर्न ऋण रकमको व्यवस्था गर्न, विभिन्न गैर सरकारी संस्था मार्फत मुक्त कम्लहरीका परिवारलाई शिक्षित बनाउने तथा कार्यालयको भौतिक पूर्वाधार र जनशक्तिलाई सुदृढ बनाउने अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) बाट उल्लेखनीय सहयोग भएको छ । जसमा भूमि सुधार कार्यालयको पनि अग्रणी भूमिका खेलेको पाइन्छ (भूमिसुधार, २०६४) ।

नेपालको सन्दर्भमा नेपालीहरुको शैक्षिक अवस्था निकै कमजोर रहेको छ । त्यसमा पनि अन्य मुलुकको महिलाहरुको तुलनामा नेपाली महिलाको शैक्षिक अवस्था निकै कमजोर रहेको छ । नेपालको साक्षरता दरलाई हेर्ने हो भने पुरुषहरुको ६५ प्रतिशत छ भने महिलाहरुको साक्षरता दर ४२ प्रतिशत रहेको देखिन्छ । यसबाट हामी नेपाली महिलाको शैक्षिक अवस्था निकै खस्किएको देख्न सक्दछौं । यो साक्षरता प्रतिशत पनि सबै जातजाति भाषाभाषी तथा सबै वर्गलाई नसमेटी केवल उच्च वर्ग तथा जातका महिलाको प्रतिनिधित्व गरेको छ । यसबाट के बुझिन्छ भने शिक्षाको अवसर सबै क्षेत्रमा समान रुपमा रहको छैन । त्यसमा पनि दलित तथा जनजातिका महिलाहरु यो अवसरबाट निकै पछि परेको विभिन्न आँकडाहरुले देखाएको छ । नेपाल एक आर्थिक रुपमा विपन्न तर सांस्कृतिक र प्राकृतिक रुपमा सम्पन्न देश हो । यहाँको प्राकृतिक सौन्दर्यता र अनेक भौगोलिक वातावरण प्रति आर्कषित भएर ऐतिहासिक काल खण्ड देखि नै आप्रवासन प्रक्रियाका आधारमा नेपाली समाजको निर्माण भएको छ । यही आप्रवासनका कारण विभिन्न जाति तथा भाषिक समुदायको प्रवेश भयो र जो आजसम्म पनि एकताको भावना लिएर एक बगैचाको फूलको रुपमा मिलेर रहेको छ । यही जातीय फूलको रुपमा थारु जाति पनि रहेको छ । आर्थिक रुपमा विपन्न र अशिक्षित भए पनि आफ्नै भाषा, संस्कृति, रहनसहन, रीतिरिवाज, भेषभूषा, मूल्य मान्यता र परम्परा रहेको पाइन्छ ।

सन् १९५० को नेपालको सुगौली सन्धी पश्चात नेपालमा औलो उन्मूलन कार्यक्रम थालनी भए पछि नेपालमा विभिन्न स्वदेशी तथा विदेशी विज्ञहरुले थारु जातिको बारेमा जिज्ञासा राखी विभिन्न अध्ययन अनुसन्धानको कार्य प्रारम्भ भएको पाइन्छ । थारु तराईमा बस्ने आदिवासीको रुपमा बसोबास गर्ने पुरानो जनजाति हो । यो जनजाति प्राय जसो घना जंगलको बीचमा खाली भएको समतल भाग र औलो प्रभावित भनी चिनिने ठाउँमा बसोबास गर्दछन् ।

थारुहरु सोझा लाज मान्ने, स्वाबलम्बी, इमान्दार, परनिर्भर, शोषित तथा सरकारी निकायबाट बन्चितिकरणमा परेका जाति हुन् । उनीहरु आर्थिक तथा व्यवसायिक रुपमा सबल नहुनुको साथै जाँड, रक्सी सेवन गरी धेरै जसो ऋणमा डुबिरहेका छन् । अशिक्षाको कारण दिनप्रतिदिन उनीहरु परनिर्भरता बन्न बाध्य छन् । यो जातिमा महिलाहरु घर भित्रको काममा र कडा र घरबाहिरका बढी परिश्रम गर्नुपर्ने काममा पुरुषहरु संलग्नता रहन्छ ।

जीवनयापन गर्नको लागि आफ्नो जग्गा कम भएकोले अरुको अधियाँ जग्गा जोत्ने, ज्याला मजदुरी गर्ने, कमलहरी, कमैयाको रुपमा काम गर्ने गर्दछन् । न्यून ज्यालामा काम गरी आफ्नो जिविका निर्वाह गर्दछन् ।

राष्ट्रिय योजना आयोग (२०६५) का अनुसार आदिवासी तथा जनजाति समुदायले आफू मूलधारबाट अलग भएको महसुस गर्नुका साथसाथै राज्यले विकासको प्रयासभन्दा पर रहेको अनुभव गर्नुको साथै साझेदारी रुपमा सहभागी हुन पाएका हुँदैनन् । मुलुकको समानुपातिक एवं सन्तुलित विकासमा अन्य जातिले जस्तै योगदान गरेको अनुभव गर्न सकेका छैनन् । सन् १९५० पछिका दशकहरुमा विभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरुले समाजशास्त्रीय दृष्टिकोणले नेपाली समाजको जातीय व्यवस्थाको ऐतिहासिक प्रक्रिया जातजातिय विवरणात्मक अध्ययन जातीय छन्द आदि जस्ता विविध पक्षहरुमा अध्ययन अनुसन्धान गरेको पाइन्छ । उक्त समयमा यसरी अध्ययन तथा अनुसन्धान गर्न विदेशी विद्वानहरु हिचक (१९६०), एल क्यापलान (१९६०), होमेन डोकँ (१९६७), विक्चायलात (१९७२), सडेन (१९८०) आदि प्रमुख मानिन्छन् भने नेपाली विद्वानमा गोपाल सिंह नेपाली (१९६५), प्रा. डोर बहादुर विष्ट (१९६७), डा. नविन कुमार राई, डा. गणेशमान गुरुङ (१९८२), डा. डिल्लीरमण रेग्मी (१९८४), डा. ऋषि केशवराज रेग्मी (१९८५), डा. प्रेम कुमार खत्री (वि.सं. २०६६) आदि प्रमुख मानिन्छन् ।

## १.२ समस्याको कथन

कम्लहरी प्रथा तराईका पाँच जिल्ला दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा बढी पाइन्छ जुन जिल्लाहरुमा कमैया, कम्लहरी प्रथा रहेको थियो । तराईमा रहेको कमैया प्रथाको बारेमा अध्ययन अनुसन्धान धेरै भएका छन् (फुजिकूरा, सन् २००४, लामिछाने, सन् २००५ आदि) । तर कम्लहरी प्रथा र तिनीहरु बीचको शैक्षिक अवस्थाको बारेमा केही मात्रामा अध्ययन अनुसन्धान भएका छन् । थारु महिलाहरुको घरको कामका साथै जमिन्दारको घरको काम गर्नुपर्ने भएको र बिहे पछाडि अर्काको घरमा जाने हुँदा छोरीको शिक्षामा खर्च गर्दैनन् (रजौरे, सन् १९८१) । काम गरेर तुरुन्तै आम्दानी हुने र शिक्षाबाट तुरुन्तै लाभ प्राप्त गर्न नसकिने हुँदा र छोरीले घरको काम सम्हाल्नु पर्ने हुँदा थारु महिलाहरु स्कुल जानबाट बञ्चित छन् (खनाल, १९९९) ।

थारु भाषामा पढाई हुने स्कुल घर नजिक नभएकाले पनि थारु महिलाहरु शिक्षामा भन्दा काममा बढी संलग्न हुन्छन् (लामिछाने, सन् २००५) । लामिछाने (२०६६) द्वारा लिखित कम्लहरी पुस्तकले कम्लहरीहरुको भोगाईको बारेमा सम्पूर्ण जानकारी दिएपनि यसले शिक्षाको पाटोलाई उति छुन सकेको छैन ।

नेपाल लगायत अन्य देशहरुमा महिलाको शिक्षामा समान पहुँच नहुनुका कारण बारे धेरै अध्ययन अनुसन्धान भएका छन् । अन्तर्राष्ट्रिय श्रम संगठन १९८२ भट्ट र अरु सन् २००८ नजिर सन् २००० आदि यी अध्ययन अनुसन्धानले महिलाको देखाएका छन् । तर यी अध्ययन अनुसन्धानले थारु महिलाको शैक्षिक स्थितिलाई समेट्न सकेको छैन । किनभने थारु महिलाहरु अर्काको घरमा कम्लहरीको रुपमा काम गर्न जाने प्रथा छ यो प्रथा अन्य जातिको महिलामा नपाइने हुँदा अन्य जातिका महिला मध्ये थारु महिलामा शिक्षाको पहुँच पुग्न सकेको छैन । त्यसैले थारु कम्लहरी महिलाहरुको शैक्षिक स्थितिबारे अध्ययन आवश्यक छ ।

यस अनुसन्धानले निम्न लिखित अनुसन्धान प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरेको छ ।

- मुक्त कम्लहरीहरुको शैक्षिक अवस्था कस्तो छ ?
- मुक्त कम्लहरीहरुको अघिल्लो पुस्ता र पछिल्लो पुस्ता बीचमा शिक्षालाई हेर्ने दृष्टिकोण र त्यसलाई असर गर्ने तत्वहरु के के रहेका छन् ?
- मुक्त कम्लहरीको शिक्षामा पहुँच, उपलब्धि साथै शैक्षिक अवस्था कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्य गर्नुभन्दा पहिले त्यो कार्य किन र कहिले गरिँदै छ भन्ने कुरा स्पष्ट हुनुपर्दछ अर्थात कुनै कार्य गर्नुको पछाडि केही न केही उद्देश्य रहेको हुन्छ । उद्देश्य बिनाको कार्यले सफलता पाउन सक्दैन । उद्देश्य भनेको लक्ष्यतिर उन्मुख बाटाहरु हुन् । जसको सहायताले लक्ष्यमा पुग्न सजिलो हुन्छ ।

यस अनुसन्धानको मुख्य उद्देश्य दाङ मानपुर गा.वि.स.मा बसोबास गरिरहेका मुक्त कम्लहरीहरुको शैक्षिक स्थिति वर्णन गर्नु हो ।

**विशिष्ट उद्देश्यहरु**

- मुक्त कम्लहरीहरुको शैक्षिक अवस्था पत्ता लगाउने ।
- मुक्त कम्लहरी समुदायको अघिल्लो पुस्ता र पछिल्लो पुस्ता बीचमा शिक्षालाई हेर्ने दृष्टिकोण र त्यसलाई असर गर्ने तत्वहरु पत्ता लगाउने ।
- मुक्त कम्लहरीको शिक्षामा पहुँच र उपलब्धिको विश्लेषण गर्दै शैक्षिक समस्या पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

यो अनुसन्धान मुक्त कम्लहरी समुदायमा शिक्षा प्रतिको धारणा बुझ्नको लागि र शैक्षिक अवस्था कस्तो छ भनी थाहा पाउनको लागि गरिएको थियो । साथै थारुको अघिल्लो पुस्ताका व्यक्ति र पछिल्लो पुस्ताका व्यक्तिले शिक्षालाई हेर्ने दृष्टिकोण कस्तो रहेछ भनी थाहा पाउन सकिन्छ ।

यो अध्ययन कम्लहरी प्रथा र यसले थारु महिलालाई कसरी शिक्षाबाट बञ्चित गरेको छ र थारु समुदायमा शिक्षालाई कसरी हेरेका छन् भन्ने कुरा पत्ता लगाउनु यस अध्ययनको महत्वपूर्ण पक्ष रहेको छ । यस अध्ययनको महत्वले गर्दा थारु समुदायको महिलाको अवस्थामा सुधार गर्ने खालका नीति निर्माणमा सहयोग पुऱ्याउने छ भन्ने आशा पनि गरिएको छ साथै यस विषयमा अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ता, समाजशास्त्री जिज्ञासु र यस जातिको उत्थानको लागि आवश्यक योजना निर्माण गर्ने योजनाकार, नीति निर्मातालाई समेत यस अध्ययनबाट प्राप्त निष्कर्ष उपयोगी हुने छ ।

## १.५ अध्ययनको संगठन

प्रस्तुत अध्ययनलाई ६ वटा अध्यायमा विभाजित गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, उद्देश्य र यसको महत्वको बारेमा चर्चा गरिएको छ । दोस्रो अध्यायमा यससँग सम्बन्धित विभिन्न विद्वानहरुले विभिन्न पत्रपत्रिका तथा पुस्तकमा प्रकाशित गरेका लेख, रचनाहरुलाई साहित्यका रुपमा पुनरावलोकन गरिएको छ । तेस्रो अध्यायमा यसमा प्रयोग हुने अनुसन्धान पद्धति जस्तो तथ्यांकको स्रोत र प्रकृति, तथ्यांक संकलन विधि, तथ्यांक संकलन गर्ने साधन, अनुसन्धान ढाँचा आदिको बारेमा चर्चा

गरिएको छ । चौथो अध्यायमा अध्ययन क्षेत्रको भौगोलिक अवस्थिति, अध्ययनका लागि छनोटमा परेका व्यक्तिले दिएका प्रतिक्रिया, उनीहरुको सामाजिक तथा आर्थिक पृष्ठभूमि प्रस्तुत तथा विश्लेषण गरिएको छ भने पाँचौ अध्यायमा मुक्त कम्लहरी महिलाहरुको शैक्षिक अवस्था र शिक्षाप्रतिको विश्लेषण गरिएको छ र छैठौं अध्यायमा अध्ययनबाट प्राप्त सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय- दुई
# सन्दर्भ साहित्यको पुनरावलोकन

## २.१ मार्क्सवादी महिलावाद अनुसार

मार्क्स र एङ्गेल्स (१८८४) का अनुसार महिला स्वतन्त्रताका प्रक्रियाहरु उन्नाइसौं शताब्दीको पूँजीवादी समाजसँगै विकास भएको हो जसमा ज्यालादारी मजदुरीको विकासले गर्दा कामदार वर्गको पद र शक्तिमा अभिवृद्धि भएको थियो । पूँजीवादको विकास र वर्गीय समाज विकास अगावै महिला शोषण र असमानता कम थियो तर अहिले झन् असमानता शोषण पूँजीवादकै विकाससँगै बढि रहेको पाइन्छ ।

आधुनिक मार्क्सवादीहरुका अनुसार वर्तमान विश्व व्यवस्थामा केन्द्र क्षेत्र, अर्धपृष्ठ क्षेत्र र पृष्ठक्षेत्र गरी राष्ट्रहरुको विभाजन र स्तरीकरण भएको छ त्यसरी नै तिनै राष्ट्रहरुमा पनि त्यसरी नै लैङ्गिक विभेद देख्न सकिन्छ । जसअनुसार पृष्ठ क्षेत्रका महिलाहरुसँग आर्थिक पहुँच र नियन्त्रण बढि छ । यसरी पृष्ठ क्षेत्र भित्र पनि विभाजन र स्तरीकरणको कारणले ग्रामीण क्षेत्रका महिला त्यसमा पनि जनजाति भित्र पर्ने थारु महिलाहरु देशको शासन व्यवस्था देखि स्थानीय तहसम्म उनीहरुको पहुँच पुग्न नसक्ने र आर्थिक अवस्था कमजोर भएका कारण उनीहरु अशिक्षित हुनुको साथै स्रोत साधनमा पहुँच नभएको कारण ति थारु महिलाहरुको शिक्षा क्षेत्र पछाडि परेको पाइन्छ । यसरी शिक्षा क्षेत्रमा पछाडि पर्नुको मार खेपिरहेका थारु महिलाहरु नै थिए ।

महिला र पुरुषबीच रहेको असमान शक्ति सम्बन्धलाई विश्लेषण गर्दै मार्क्सवादी महिलावादले भनेका छन् की पूँजीवादी समाजमा जसरी पूँजीपतिहरुले स्रोतमाथि नियन्त्रण गरे त्यसरी नै महिलाहरु श्रमजिवी जस्तै हुन्छन् जहाँ स्रोत माथिको नियन्त्रण पुरुषको हातमा केन्द्रित हुन्छ । अर्कातिर महिला र पुरुष बिचको सामाजिकरणको प्रक्रियाले महिला र पुरुष बीच मनोवैज्ञानिक र कार्यगत असन्तुलन र असमानताहरु समाजमा स्थापित गर्ने कार्यहरु हुन्छन् यस परिस्थितिमा महिलाहरुको स्रोत माथि पहुँच हट्ने, शिक्षा, रोजगार तथा बाह्य गतिविधिमा संलग्नताको पहुँच साथै कमजोर नै रह्यो ।

उत्पादन व्यवस्था वा प्रणालीको विकाससँगै सामाजिक, सांस्कृतिक प्रणालीमा त्यसको प्रभाव पर्दछ । यसै सन्दर्भमा मार्क्सवादी महिलावादले पूँजीवादमा महिलाको श्रमको शोषण र अवमूल्यन भएको निजी सम्पत्तिको विकाससँगै उत्पादन व्यवस्थामा पुरुषका सहयोगीका रुपमा रहनु पर्ने कमसल कार्यमा कम ज्यालामा लगाइ यस्ता पक्षलाई बलियो बनाउने कार्य समाजमा रहेको पितृसत्ताले गर्दछ ।

उत्पादन व्यवस्था र लैङ्गिक अवस्था बिचको सम्बन्ध देखाउँदै कार्ल मार्क्सले, आदिम साम्यवादी समाजमा लैङ्गिक विभेद नरहेको जुन बेला सम्पत्ति माथि वा स्रोत माथि सामुहिक स्वामित्व रहेको थियो । समाजको वर्गीय विश्लेषणबाटै लैङ्गिक विभेद हटाउन सकिने धारणा उनको छ ।

समाजका प्रत्येक तहका लैङ्गिक सम्बन्ध, अधिकार र निर्णयमा पुरुष प्रधान समाज भित्र विकास गरिएका मान्यताहरु जिम्मेवार छन् जहाँ महिलाको कुनै स्वतन्त्र अस्तित्वलाई स्वीकारिएको हुँदैन । जबकी पितृसत्ता र पूँजीवाद एक अर्काका सहयोगी संस्थाहरु पनि हुन् । परिवार भित्र रहेको उत्पादन सम्बन्धमा महिलाका कार्यलाई कम मूल्याङ्कन गर्ने कार्य गरिन्छ यसबाट धेरै पीडितमा थारु महिलामा देख्न सकिन्छ जस्तो कि छोरी वा श्रीमती भए पनि यिनीहरुको इच्छा विपरित पुरुषको इच्छाले गर्दा खानको लागि मात्र कम्लहरी जस्तो कु-प्रथा बस्नु पर्ने बाध्यतामा उनीहरु थिए र परिवार भित्र पनि घरपरिवार चलाउने वा घरमूलीको रुपमा पुरुषहरु नै बढी रहेको पाइन्छ यसरी स्रोतहरु माथि पुरुषको अधिपत्य र स्रोतहरु माथि पुरुषको नियन्त्रणसँगै महिलाप्रति पूर्वाग्रह र विभेद सुरु गर्ने गर्दछन् जसले श्रीमती तथा बालबच्चा माथि जुनसुकै नियन्त्रण गरी राखेको पाइन्छ (आचार्य, २०६७) ।

समाजमा सम्पत्ति माथिको निजी स्वामित्वको अन्त्यसँगै विकास हुने संरचनाबाट महिलाहरुले सबै प्रकारका अधिकार र स्वतन्त्रता प्राप्त गर्न सक्दछन् भन्ने मत मार्क्सवादी महिलावादको रहेको पाइन्छ ।

मार्क्सवादीहरु वर्तमान संरचनालाई सुधार नगरी आमूलन परिवर्तनबाट लैङ्गिक विभेद हटाउन सकिन्छ तर उनीहरु वर्तमान संरचनामा समान ज्याला, काममा समानता, न्यायपूर्ण दृष्टिकोण, कार्यको मूल्याङ्कन, व्यवहारिक श्रम विभाजन आदिलाई बढी जोड दिन्छ ।

मार्क्सवादी धारणाले पूँजीवादी समाजमा धेरै खराबी हुँदाहुँदै पनि महिलाको कार्यमा संलग्नता स्वतन्त्रता, महिला पुरुष बीचको ज्यालाको असमानता हटाउने, महिलाहरु माथि रहेका सामाजिक आर्थिक तथा सांस्कृतिक विभेदहरुको अन्त्य, उत्पादन शक्ति माथिको पहुाच बढी मजबुत पार्नु पर्ने, महिलाहरुमा भएको ज्ञान, सीप र क्षमताको प्रयोग गर्नु पर्दछ । समाजको विश्लेषण जसरी वर्गीय आधारमा गर्न जरुरी छ त्यसरी नै लैङ्गिक आधारमा पनि विश्लेषण गर्न आवश्यक छ ।

समाजमा महिला माथि केहि मात्रामा आवाज उठ्ने, स्वतन्त्रता, महिला पुरुषमा समान शिक्षा, समान ज्याला जस्ता विभिन्न पक्षमा आवाज उठ्न थालेकोले र महिलालाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालनमा आएसँगै महिलालाई जोड दिने गरेकोले केही हदसम्म भएपनि महिलाको पक्षमा अधिकार सम्बन्धी आवाज उठ्न थालेको पाइन्छ । यसको प्रभाव सम्पूर्ण नेपाली महिलामा परेको छ र यसको साथमा थारु महिलामा पनि प्रभाव परेकोले उनीहरु पनि कम्लहरी जस्तो कु-प्रथा बस्नु पर्ने बाध्यताबाट छुटकारा पाएको र उनीहरु पनि केहि हदसम्म शिक्षाको अवसर पाएको पाइन्छ ।

मार्क्सवादी महिलावाद अनुसार समाज विकासको लागि मार्क्सवादी महिलावादले वर्गीय आधारमा समाजको व्याख्या र विश्लेषण गर्न सकिएमा महिलामाथिको दमन, विभेद, असमानता जस्ता पक्षलाई हटाउन सकिन्छ भन्ने सोचाई राख्दछन् ।

थारु जनजाति तराईमा बस्ने पुरानो जनजाति हो । प्रायजसो थारु वस्ती जंगलको बीच खाली भएको उष्णयुक्त क्षेत्रमा बसोबास गरेको पाइन्छ । दाङका थारुको बारेमा विभिन्न समयमा विभिन्न व्यक्ति र संस्थाहरुबाट खोज र अनुसन्धानहरु भईरहेका छन् ।

नेपालकै अन्य पहाडी जातिहरुको तुलनामा थारुहरु निकै कमजोर रहेको पाइन्छ । कमजोर आर्थिक स्थिति तथा भूमिहिनताको कारण अधिकांश थारु पुरुषहरु कमैयाका रुपमा ग्रामीण श्रमिकको रुपमा तथा महिलाहरु कम्लहरी, ओगानी, वुर्कहरी बनेर मालिकहरुको घरमा दास दासी भएर बाध्यात्मक श्रम गर्नु परिरहेको अवस्थाबाट पीडित थारुहरु सन् २००० मा सरकारले कमैया मुक्तिको घोषणा गरी तिनीहरुलाई बाध्यात्मक श्रमबाट मुक्त गरेपनि उचित व्यवस्थापन हुन नसक्दा शिक्षा, स्वास्थ्य र रोजगारीको अवसरबाट बञ्चित थारु समुदायहरु अझै पनि सामाजिक आर्थिक रुपले निकै पछाडी छन् । त्यसमा पनि थारु

महिलाहरु आफ्नै घरपरिवार र विभिन्न सामाजिक कारण सानो उमेरमा विवाह र विद्यालयमा मातृभाषाको पढाइ नहुनु जस्ता कारणले शिक्षाबाट बञ्चित भइरहेको कुरा समाजशास्त्रीय दृष्टिकोणबाट हेर्नु महत्वपूर्ण मानिन्छ (आचार्य, २०७०) ।

## २.२ नेपालमा वर्तमान महिला शिक्षा नीति र कार्यक्रमहरु

नेपालमा हरेक योजनाले शिक्षालाई विशिष्ट स्थान दिई आइ रहेका छन् तैपनि शिक्षामा अपेक्षित सुधार भने आउन सकेको छैन । त्यसमा पनि महिलाहरुको शैक्षिक अवस्था पुरुषको समकक्षमा पुऱ्याउन अझै थुप्रै कसरतहरु गर्नुपर्ने देखिन्छ । मुलुकमा लागु भएको पाँचौ पञ्चवर्षिय योजना (सन् १९७५) देखि सरकार प्राथमिक तथा माध्यमिक स्तरमा महिलाहरुको सहभागी वृद्धि गर्ने प्रयासमा लागे पनि अपेक्षित सुधार भने हात पार्न सकेको छैन । शिक्षालाई सर्वसुलभ गराउने अभिप्रायले नै श्री ५ को सरकारले माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिने, प्राथमिक तहसम्म निःशुल्क पुस्तक वितरण गर्ने तथा महिला शिक्षिकालाई तालिम दिने जस्ता कार्यक्रमहरु गरी रहेको छ । श्री ५ को सरकारले आधारभूत र प्राथमिक शिक्षा परियोजनाको सञ्चालन पनि गरेको छ । जसले शिक्षक तालिम, शैक्षिक स्रोत वृद्धि विशेष शिक्षा कार्यक्रम तथा अनौपचारिक शिक्षा जस्ता कुरामा जोड दिइएको मात्र नभई अनौपचारिक शिक्षामा बालिका एवम् प्रौढलाई समेत लक्षित गरेको पाइन्छ (सर्च / स्त्रीशक्ति, २०००) ।

महिलाको मौलिक हक तथा मानव अधिकारको संरक्षण गरी देश विकासमा महिलाको सक्रिय सहभागिता गराउने उद्देश्यले स्थापना भएको राष्ट्रिय महिला आयोगले उक्त उद्देश्य परिपूर्तिको निमित महिला शिक्षाको अपरिहार्य आवश्यकतालाई स्वीकार गरी यस आयोगका आगामी कार्यक्रमको प्राथमिक क्षेत्रमा महिला र शिक्षालाई उल्लेख्य रुपमा समावेश गराइएको छ (रा.म.आ., २०५८) भने अनौपचारिक शिक्षा केन्द्रले पनि प्रौढ साक्षरता कार्यक्रम, महिला साक्षरता प्रथम, महिला साक्षरता दोस्रो साक्षरता कार्यक्रम, वैकल्पिक विद्यालय कार्यक्रम जस्ता कार्यक्रमहरु (अनौपचारिक शिक्षा केन्द्र, २०६०) । सञ्चालन गरी महिला शिक्षालाई योगदान दिँदै आइरहेको छ ।

महिलाको शैक्षिक अवस्थामा क्रमशः सुधार आइरहेको यथार्थता रहँदा रहँदै पनि शिक्षामा लैङ्गिक दृष्टिकोणबाट समानता प्राप्त हुन सकेको छैन । यसै तथ्यलाई मनन् गरी

नेपालको दीर्घकालिन राष्ट्रिय योजनाको अवधारणामा लैङ्गिक समानतालाई सुनिश्चित गर्न तथा महिला दलित, अपाङ्ग र पिछडिएका वर्गको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरुको पहुँच बढाउन विशेष कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिइएको छ । दशौं योजनामा शिक्षाको सम्बन्धमा निम्न लिखित उद्देश्य राखिएको छ ।

- साक्षरता, आयमूलक र जीवनोपयोगी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी विशेष पिछडिएका समुदाय तथा महिलाको जिवनस्तर उकास्न मद्दत पुऱ्याउने ।
- सबैका लागि शिक्षाको सन्दर्भमा महिला तथा अपाङ्गको लागि शिक्षाको अवसरमा पहुँच बढाउन विशेष व्यवस्था गर्न (दशौं योजना, २०५९-६४) ।

## २.३ नेपालमा महिलाको अवस्था

विश्वव्यापी रुपमा नै महिला र पुरुष बिच असमानता देख्न सकिन्छ । विकसित समाजमा यसको दर कम भएपनि ति देशहरुमा समाजका अर्थ, राजनीति, प्रशासन तथा सामाजिक व्यवस्थामा उल्लेख्य स्थान रहन सकेको छैन । सामाजिक घरायसी कार्यबाट अधिकांश महिला अलग हुन नसकेको एउटा अवस्था छ भने प्राकृतिक रुपमा नै महिलाहरुले बच्चा जन्माउनु पर्ने तथा त्यसको स्याहार सम्मारमा बढी ध्यान दिनु पर्ने अवस्थाले उनीहरु पुरुष सरह घर बाहिरको काममा संलग्न हुन असजिलो देखिन्छ । अझ धार्मिक कट्टरता रहेका समाजमा महिला स्वतन्त्रताको पक्ष निकै कमजोर अवस्थामा छ । सामाजिक बन्देजहरुबाट उनीहरु घेरिएका छन् । विश्वमानै पितृसत्तात्मक पारिवारिक ढाँचा छ । जसले महिला मुक्ति, समानता, स्वतन्त्रता तथा अधिकार जस्ता पक्षमा सामाजिक मुक्ति तथा मनोवैज्ञानिक एकता कायम गर्न बाधा उत्पन्न गरेको छ । संरचनागत तथा संस्थागत रुपमानै लैंगिक विभेदको विकास भएको छ । सांस्कृतिक रुपमा त्यसलाई स्वीकारिएको छ । लिंगका आधारमा भूमिका निर्धारण गरिएको छ । जुन नितान्त गलत मान्यता हो (आचार्य, २०७०) ।

नेपाली समाज विभिन्न जातजाति, भाषा, संस्कृति, धर्म आदिको एकीकृत रुप हो । यहाँका विविध सामाजिक सांस्कृतिक पहिचान नै नेपाली समाजको विशेषता बनेका छन् । आर्थिक रुपमा विश्वको अति गरिब देशको दर्जामा रहेको नेपाली समाजमा आफ्नै किसिमका मान्यता, परम्परा तथा सामाजिकीकरणका अवस्था रहेको छ । विशेष गरी हिन्दु

दर्शनबाट यो समाज बढी प्रभावित छ । यहि पृष्ठभूमि नेपाली महिलाको पहिचान, स्थान, भूमिका तथा अवस्थालाई विश्लेषण गर्नु पर्ने हुन्छ । समग्रमा भन्नु पर्दा नेपाली महिलाको अवस्था हरेक क्षेत्रमा सन्तोष गर्न सकिने अवस्था छैन । नेपाली समाजको विकासको सन्दर्भमा महिला पुरुष सबै पिछडिएका छन्, त्यसमा पनि हाम्रो यस पुरुष प्रधान सामाजिक ढाँचा, हाम्रो परम्परागत धारणा र मान्यता तथा धार्मिक विश्वासका कारण पुरुषको तुलनामा महिलाको अवस्था कमजोर बनेको छ । जसका प्रमाणहरु प्रशस्त भेटिन्छन् ।

लैंगिक आधारमा एकातिर महिला पुरुष बिच विभेद छ भने अर्कोतिर महिला-महिला (सासु-बुहारी, नन्द-भाउजू, पढेको-नपढेको, सहरीया-गाउँले, उपल्लो जात-तल्लो जात) बिचको विभेदले पनि महिलाको अवस्थालाई कमजोर पारेको छ । महिलालाई अति कमजोर पार्ने तत्वको रुपमा हामी सम्पत्ति माथिको स्वामित्वलाई पनि लिन सक्छौ । जसमा पुरुषहरुको अत्याधिक चलखेल हुन्छ । फलस्वरुप महिला पुरुष बिच विभेद सृजना गर्दछ । महिलाको स्थिति कमजोर हुनुमा धार्मिक परम्पराको पनि भूमिका हामी पाउँदछौं । जस्तै धार्मिक कार्य गर्न, काज क्रिया गर्न, पढ्न, घुमफिर गर्न आदिमा महिला पुरुष बिच विभेद रहेको छ । उत्पादनशिल कार्यमा पुरुषको अग्रसरता रहेको छ भने घरायसी कार्य जसमा प्रत्यक्ष फाइदा नहुने र शारीरिक परिश्रम ज्यादा गर्नुपर्ने कार्य बोझ महिला माथि नै रहेको हुन्छ । समग्रमा भन्नु पर्दा नेपाली समाजमा महिला सामाजिकीकरणको गलत प्रक्रियाले पनि महिलाको अवस्थामा सकारात्मक परितर्वन आउन सकेको छैन । जस्तै 'छोरी अर्काको घरमा जाने जात हो ।', 'जति पढेपनि बच्चा जन्माउनु पर्दछ ।', 'छोरीको कमाईको के आशा ।', 'चुलो चौको विनाको नारीको महत्व छैन ।' जस्ता मान्यता महिला व्यक्तित्वमा भएको हुन्छ जसले विभेदको स्थिति सृजना गराएको छ । मनोवैज्ञानिक रुपमा यस्ता प्रक्रियाले महिलाहरुलाई कमजोर गरेको पाइन्छ (राष्ट्रिय जनगणना, २०६८) ।

## २.४ शिक्षामा महिलाको स्थान

परम्परागत रुपमा महिलाले लेख्न पढ्न हुँदैन र यसो गरेमा बिग्रन्छ भन्ने धारणामा वर्तमान समयमा केहि परिवर्तन आएको छ । यद्यपि छोरा र छोरीलाई दिईने शिक्षा, त्यसको तह तथा उपयोगिताका सवालमा भने निकै असमानता छ तर पनि महिला शिक्षामा सुधारका प्रवृत्तिहरु देखिएका छन् जुन पुरुषका तुलनामा नगण्य नै छन् । नेपालको सन् १९९१ को राष्ट्रिय जनगणनालाई आधार मान्दा जम्मा साक्षरता दर ३९.६ प्रतिशतमा

पुरुषको ५५.५ र महिलाको २५ प्रतिशत देखिएको छ । यसै गरी विद्यालय गए पछि बिचैमा छाड्ने दर पुरुषको भन्दा महिलाको निकै बढी छ । नेपालमा मानव विकास प्रतिवेदन सन् १९९८ का अनुसार सन् १९९५ मा ९ लाख २८ हजार विद्यालय नजाने कुल बालबालिकाहरु मध्ये करिब दुई तिहाई बालिकाहरु नै थिए । यसै गरी नेपालको केन्द्रीय तथ्याङ्क विभाग (CBS) को सन् १९९५ अनुसार २०-२४ वर्ष उमेर समुहमा स्नातक गर्ने ०.८३ प्रतिशतमा पुरुषको १.२९ छ भने महिलाको ०.४४ प्रतिशत छ । यो सम्पूर्ण अवस्थाले शिक्षामा लैंगिक असमानताको अवस्थालाई देखाउँछ । सन् २०११ को राष्ट्रिय जनगणना अनुसार ५१.०६ प्रतिशत महिलाहरु पढ्न लेख्न सक्दैनन् । यहि समयमा पढ्न मात्र सक्ने महिलाको प्रतिशत ५.७८ छ भने ४२.४९ प्रतिशत महिलाहरु पढ्न लेख्न सक्छन् (राष्ट्रिय जनगणना, २०६८) ।

## २.५ कमैया र कम्लहरी प्रथा

कमैयाको अर्थ शब्दकोषमा यसरी दिइएको छ “साह्रै जोतिन सक्ने कमाइवाल, आर्जनी, पौरखी वा हिक्मती, जग्गा धनीबाट नगदी वा जिन्सी लिएर सपरिवार अर्काको जग्गा कमाउने वा सो सरहका किसान” । यो परिभाषाले कमैयाको वर्तमान वास्तविक स्थिति देखाउदैन तर कमैयाहरुलाई काममा जोत्न सकिने रहेछ भन्ने कुरा झै स्पष्ट इंगित गर्दछ ।

“कमैया वस्तुतः कामदार त हो तर त्यसको हालत सामान्य कामदारको सरह नभै नेपाल लगायत विश्वमै उन्मूलन भै सकेको कमारा वा दास प्रथा जसलाई बाँधा पनि भनिन्छ । त्यसैले यो मानव शोषण, उत्पीडनको प्रतिबिम्बको रुपमा सभ्य मानव जातिको निमित्त कलङ्कको रुपमा उपस्थित भएर रहेको छ (चौधरी, २०६५) ।

कमैया भन्नाले मेहनती थारु पुरुष जो सम्पूर्ण परिवार सहित जमिनदारको लागि काम गर्दछ र त्यस बापत उत्पादनको केही हिस्सा रकम प्राप्त गर्दछ । परिवारको जुनसुकै व्यक्ति कमैया हुन सक्छ । कमैया प्रथालाई परिभाषित गर्दा मेहनती थारु पुरुषको संज्ञा दिइन्छ । तर उसले सहनु परेको शोषण र असमान सामाजिक सम्बन्ध, जसले कमैयालाई उसको आफ्नो स्वतन्त्रता अनुभव गर्न दिँदैन, त्यसको बारेमा चर्चा गरिँदैन ।

कमैया प्रथा थारु जातिमा पाइन्छ । बहुसंख्यक गरिब किसान बाजे बराजुले लिएको ऋण चुक्ता गर्न कमैया बनेको तर्क गरिन्छ । दाङमा कमैयालाई मात्र महिनामा एक वर्षको लागि राख्दथे । यदि कुनै कमैयाले ऋण लिएको जमिन्दार कहाँ बस्न नचाहेमा नयाँ

जमिनदारले उसको ऋण चुक्ता गरी आफ्नोमा लिएर जान पाउँथ्यो । कमैया प्रथालाई सामाजिक मान्यता प्राप्त थियो । यसरी परम्परागत रुपमा “कमैया” ले कडा परिश्रम गर्ने मानिस भन्ने जनाउँथ्यो । यसको स्त्रीलिङ्गी शब्द ‘कम्लहरी’ ले कडा परिश्रम गर्ने महिलालाई जनाउँथ्यो । त्यसबाहेक कमैया, कम्लहरी जस्ता नामले थारु जातिको संयुक्त परिवारमा निश्चित भूमिका र स्थान बोकेको हुन्थ्यो ।

यसरी माथिका परिभाषाहरुबाट कमैया भन्नाले मेहनती थारु पुरुषलाई जनाउँछ । कमैया प्रायः माघिबाट सम्पूर्ण परिवार सहित आफुभन्दा धनी जग्गावाल जमिनदारको लागि काम गर्छन् । एउटा पुरुष योग्य कमैया हुनका लागि उसको श्रीमती हुनै पर्थ्यो अर्थात कमैयासँगै एउटा महिला (दिदी, बहिनी, छोरी) हुन जरुरी थियो अन्यथा उसले प्राथमिकता पाउँदैनथ्यो । कमैया कि श्रीमती वा उक्त महिलाले कमैया बसेको घरमा खानाको भरमा घर भित्रको सम्पूर्ण काम गरिदिनु पर्दथ्यो । कमैया प्रथाको उन्मूलन पछि यिनै कमैयाका किशोर अवस्थाका छोरी/श्रीमती/दिदीबहिनीहरु घरायसी कामका लागि राखिदै आएका छन् । सामान्यतया ७-८ वर्ष देखि १८-२० वर्ष सम्मका किशोरीहरु खास गरी शहरी क्षेत्रमा हुने खानेका घरमा कम्लहरीका रुपमा रहँदै आएका छन् । कमैया जस्तै यिनीहरु पनि माघिको समय देखि बस्न थाल्छन् । मालिक र कम्लहरीका अभिभावक वा मध्यस्तकर्ताहरु बीच कति दिने, पढाउने कि नपढाउने ? के के काम गर्ने, कहाँ जाने भन्ने छिनोफानो हुन्छ । यसमा कम्लहरी जाने बालिकाको कुनै राय वा मञ्जुरी लिन आवश्यक ठानिदैन । मालिकका घरमा कम्लहरीले पीडा र यातना पाए पनि कम्लहरी घर फर्कन पाउँदैनन्, किनभने लैजाने बखत एक वर्ष पूरा गर्ने बाचा मालिकले कम्लहरीका अभिभावकलाई गराएका हुन्छन् । उनीहरु त्यो बाचा पुरा गर्न बाध्य पारिएका हुन्छन् । तर मालिकले कम्लहरीलाई जुनसुकै बेला पनि निकाल्न सक्छ अर्थात् उसको बाचा पुरा गर्न कसैले बाध्य पार्न सक्तैन । मालिकलाई प्रश्न गर्न नसक्ने र मालिकको इच्छामा जीवन चल्ने हुँदा उनीहरु सूचना र चेतनाबाट विमुख हुन्छन् । शर्तका कारण पढ्न पाउँदैनन् किनभने मालिकले कम्लहरीलाई पढाउन आवश्यक ठान्दैन र कम्लहरीहरु आधुनिक ज्ञान, सीप र शिक्षा जस्ता कुराबाट बञ्चित हुन्छन् ।

## २.६ कमैया आन्दोलन

कमैया आन्दोलन, कैलालीका शिवराज पन्तको अधिनमा रहेका १९ जना कमैयाले आफ्नो स्वतन्त्रता र ऋण रद्द गराउन सरकारी निकायमा दायर गरेको मुद्दाबाट २०५७ वैशाख १९ गते देखि शुरु भएको थियो । आन्दोलनका कारणको बारेमा कमैया राजदेव

भन्दछन् "बाजेले त्यही कमाए, बुबाले पनि त्यहि कमाए मैले पनि त्यहि कमाए । छोराले पनि त्यही कमाउनु पर्ने । यसरी चुप लागेर बस्ने हो भने त नातीले पनि त्यही कमाउनु पर्छ । त्यसकारण हामीले आन्दोलन गरेको" । आन्दोलन अगाडि बढ्दै जाँदा हजारौं त्यस्ता मुद्दाहरु जिल्ला प्रशासनमा पर्न थाले । व्याक वार्ड सोसाइटी एजुकेशन (वेस) अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लगायतका विभिन्न गैरसरकारी संस्थाहरुले आन्दोलनमा साथ दिए (मुक्त हलियाको आवाज, २०६६) । आन्दोलनले ठूलो रुप लियो । अन्ततः उक्त आन्दोलनले सरकारलाई कमैया मुक्ति घोषणा गर्न बाध्य पार्‍यो । अन्तमा सन् २००० जुलाई १७ मा नेपालमा सबै किसिमका बधुवा कृषि मजदुर 'मुक्त' भएको घोषणा भयो (श्रेष्ठ, २०५७) । त्यस पश्चात कमैयाले मुक्ति पाएका हुन त त्यसो भनिए पनि उनीहरुसँग लामो समयसम्म अन्तरसम्बन्धित जग्गा र जिविकोपार्जनसँग जोडिएको जमिनमा उनीहरुको केहि हक नलाग्ने गरी जमिनसँगको सम्बन्ध छुटाउँदा वास्तवमा जमिनदारले मुक्ति पाए तर कमैयाले पाएनन । सरकारले आवश्यक गृहकार्य नगरी कमैया मुक्तिको घोषणा गरेको हुँदा, मुक्त भएपनि स्वतन्त्र रुपमा बस्न सक्ने स्थितिमा कमैयाहरु थिएनन् । तसर्थ मुक्तिपछि कमैयाहरुको स्थितिमा झन् अन्योलमा पर्‍यो । मुक्ति पाए पनि जग्गा जमिन नभएकोले कोही जमिनदारले दिएको जग्गामा बस्न थाले, कोही ऐलानी जग्गामा बसे भने कोही सुकुम्बासीको बस्तीमा बस्ने थाले । मुक्ति पछि पनि जमिनदारको जग्गा नै प्रमुख स्रोत भएकोले थारुहरु अधिया प्रथा अँगाल्न बाध्य भए ।

कमैया मुक्तिको घोषणासँगै कम्लहरीलाई पनि मुक्तिको घोषणा भएको थियो । कम्लहरी प्रथाले अझ प्रश्रय पायो तर उक्त प्रथा हट्न सकेन । "थारुहरु सोझा, सरल र इमान्दार भएको हुनाले उनीहरुलाई काममा लगाउन सजिलो हुने हुनाले थारु कम्लहरीको बढी माग हुने तर्क गरिन्छ" । कम्लहरी प्रथाको कुरा गर्दा गरिबी र जग्गा विहिनता प्रमुख कारण भएको तर्क गरिन्छ तर जातीयताको चर्चा भएको पाइदैन । कम्लहरी प्रथा हट्न नसक्नुको पछाडि गरिबीको साथसाथै जातीयताको पनि उत्तिकै ठूलो भूमिका छ । नेपाली समाजमा रहेको छुवाछुत र जातिगत वर्गीकरण भित्र थारु पानी चल्ने जातमा पर्छ जसले गर्दा अन्य जातको तुलनामा थारु जातका महिलाहरुको कम्लहरीका लागि बढी माग हुन्छ । अन्य जातिमा भन्दा थारु जातिमा महिला कम्लहरी हुनु जाति प्रथाको पनि महत्वपूर्ण भूमिका छ । किनभने सबै सिमान्तिकृत समूहका महिलाहरु कम्लहरी नहुनु र थारु महिला मात्र कम्लहरी हुनुमा गरिबीका साथै जातीयता पनि बढी हावी भएको देखिन्छ । पानी नचल्ने भएमा सबै काम आफै गर्नुपर्ने र पानी चल्ने भएको खण्डमा काममा राहत हुने

हुनाले थारु कम्लहरीहरुको माग बढेको हो । पहिले कम्लहरी भन्नाले कमैयाको श्रीमतीलाई जनाउथ्यो । पछि यो शब्दले घरायसी काममा संलग्न सबै थारु महिलालाई जनाउन थाल्यो । पछिल्लो समयमा गाउँबाट बाहिर खासगरी शहरी क्षेत्रमा घरेलु कामदारको रुपमा पठाइने थारु किशोरी/युवतीहरु नै कम्लहरीको रुपमा चिनिन्छन् जसले ज्याला वा अन्न पाउँछन् । कम्लहरीको क्षेत्रमा काम गर्ने संस्था निकायले पनि तिनै किशोरी/युवती (घरेलु कामदारको रुपमा रहेका) लाई नै लक्षित गरेको पाइन्छ ।

## २.७ थारु महिला र शिक्षा

शिक्षामा असमान सहभागिता र अवसरको इतिहास लामो समयदेखि चल्दै आइरहेको छ । प्रधानमन्त्री जंगबहादुरले निश्चित रुपमा आफ्ना परिवारका सदस्यहरुलाई अंग्रेजी बोल्न र लेख्न जान्ने बनाउन सन् १८५४ मा दरबार स्कुलको शुरुवात गरे । यस स्कुलमा पनि जनताका छोराछोरीको पहुँच थिएन । शासन व्यवस्थासँग नजिक भएका राणाहरुको स्वीकृतिमा यस विद्यालयमा पढ्न पाउँथे । नेपालमा औपचारिक शिक्षाको विस्तार सन् १९५१ पछि मात्र भएको हो । यसपछि केही हदसम्म भएपनि जनताका छोराछोरीले शिक्षा ग्रहण गर्न पाए । सन् १९५० मा एक प्रतिशतको हाराहारीमा रहेको नेपालको साक्षरता दर सन् १९८० सम्म २३ प्रतिशत सम्म पुग्यो । तर पञ्चायत कालमा पनि शिक्षाको नाममा राज्यले निश्चित भाषा, धर्म र संस्कृतिलाई मात्रै बढावा दिने काम गर्‍यो । जसले गर्दा गरिब जनतामा शिक्षाको पहुँच पुगेन जुनकुरा नेपालका कमैया कम्लहरीमा हालसम्म शिक्षाबाट बञ्चित रहेको स्थिति देखिन्छ ।

“थारुहरु शिक्षामा अगाडि नहुनुको कारण उनीहरुमा प्रचलित उखान, आधा पढो हरसे गयो, पुरो पढो घरसे गयो” (आध पढेपछि हलो छोड्यो, पुरा पढेपछि घर छोड्यो) को पनि महत्वपूर्ण भूमिका छ । एउटै गाउँमा बस्ने बाहुन क्षेत्रीहरुमा पढ्नुपर्छ भन्ने धारणा छ तर थारुहरुमा त्यस्तो धारणा पाइदैन । यसबाट के तर्क निकाल्न सकिन्छ भने गरिबीले नै यो तर्क वा विचार थारुहरुमा आएको हो । यदि पढेर घर छोड्ने डर हुने भएको भए बाहुन क्षेत्रीमा पनि हुन्थ्यो तर उनीहरुको पढाईमा राम्रो प्रतिनिधित्व छ । त्यसैले गरिबी नै थारुहरुको लागि शिक्षाको बाधक हो । गरिबीकै कारण थारु महिलाहरु कम्लहरी बस्न बाध्य छन् र उनीहरुको शिक्षामा कम सहभागिता छ । साथै भाषा पनि बाधक भएका कारण उनीहरु पछाडि परेको कुरा राम्रोसँग थाहा छ । शिक्षा मात्र एक माध्यम हो जसले समाजमा विद्यमान यो समस्यालाई चिर्न सक्छ भन्ने बारे उनीहरु सचेत छन् ।

भाषिक समस्या सबै थारु विद्यार्थीको भएपनि महिलाहरु बढी यसबाट पीडित छन् । थारुहरुको संस्कृतिले महिलालाई पुरुषसँग खुलस्त कुरा गर्ने र घुलमेल हुने अवसर दिँदैन जसले गर्दा उनीहरु आफ्नो समूहमा केन्द्रित हुन्छन् । उनीहरु स्कुलमा पनि २०-२५ जनाको महिलाको समूहसँगै बस्छन् र थारु भाषामै बोल्छन् । अन्य मानिससँग कम बोल्ने भएकोले उनीहरुलाई नेपाली जान्ने अवसर कम हुन्छ । शिक्षक कक्षामा नेपाली भाषामा पढाउँदा उनीहरु एकोहोरो शिक्षकलाई हेरिरहन्छन् । उनीहरु केही बुझ्दैनन् । उनीहरुले किताब लिएर स्कुल त आउँछन् तर न बोल्छन्, न त लेख्छन्, न त प्रयास नै गर्दछन् । किताब फर्काएर घर जान्छन् र गृहकार्य कहिल्यै गर्दैनन् । त्यसैले उनीहरु कक्षामा फेल हुन्छन् । उनीहरुले २/३ वर्ष एउटै कक्षामा पढ्छन् र अन्ततः स्कुल छाड्छन् । शिक्षक र अन्य विद्यार्थीसँगको कम अन्तरक्रियाले गर्दा थारु महिलालाई बढी भाषिक समस्या पर्ने तर्क रहेको छ । भाषिक समस्या महिलाको मात्र होइन तर बढी थारु महिलालाई प्रभाव पारेको छ । (पौडेल, २०५०)

सन् १९९० मा संयुक्त राष्ट्र संघले तय गरेको “सबैका लागि शिक्षा” (Education For All) भन्ने नारालाई सफल रुपमा कार्यान्वयन गराउनको लागि नेपालका प्राथमिक विद्यालयका छात्राहरुको भर्नामा वृद्धि गर्न प्रोत्साहन स्वरुप विद्यालय पोशाक र छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिइएको छ भने दशौं पञ्चवर्षीय योजनाले ६ देखि १० वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाहरुलाई साक्षर गराउने लक्ष्य लिएको पाइन्छ ।

त्यसैगरी युनेस्कोको सहयोगमा सन् २००१ मा दक्षिण एशियाली शिक्षामन्त्रीहरुको काठमाडौंमा बसेको बैंठकले सबै पिछडिएका र कठिन अवस्थाका बालबालिकालाई सन् २०१५ सम्ममा गुणस्तरयुक्त निःशुल्क शिक्षा प्रदान गर्ने र महिलाको साक्षरता दर पनि ५० प्रतिशत सुधार गर्ने प्रतिवद्धता जनाइएको थियो ।

यसरी प्रभावकारी रुपमा यी कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सकेमा अधिकांश शिक्षाबाट बञ्चित रहेका थारु जातिका महिला तथा बालबालिकाका लागि उपयोगी हुने देखिन्छ ।

# अध्याय- तीन

# अनुसन्धान विधिहरु

यस अध्यायमा अनुसन्धानको लागि प्रयोग हुने विधिहरु, अध्ययन क्षेत्र, अनुसन्धानको ढाँचा, तथ्याङ्कको स्रोत, नमुना छनोट, तथ्याङ्क संकलनका प्रकार, तथ्याङ्क विश्लेषणको बारेमा उल्लेख गरिएको छ जुन यस प्रकार रहेका छन् ।

## ३.१ अध्ययन क्षेत्रको छनोट

यो अध्ययन मध्य पश्चिमाञ्चल विकास क्षेत्र राप्ती अञ्चलको महाभारत र चुरे पर्वत क्षेत्रको बिचमा अवस्थित दाङ जिल्लामा गरिएको हो । त्यहाँ कम्लहरी प्रथा व्यापक रुपमा पाइन्छ । साथै उक्त क्षेत्रमा कम्लहरी बसेका थारु महिलाहरु उपलब्ध हुन सक्ने भएकाले उक्त क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा लिइएको हो । यसरी दाङ जिल्लामा कम्लहरीको सङ्ख्या ५२२४ रहेको थियो भने मुक्त कम्लहरीहरुको सङ्ख्या ५१९४ रहेको सबैको बारेमा अध्ययन गर्न सम्भव नभएको हुँदा अध्ययनको लागि मानपुर गा.वि.स. का मुक्त कम्लहरीलाई आधार बनाएर यो अध्ययन गरिएको छ । यस अध्ययनको लागि जिल्लाको ग्रामीण क्षेत्रलाई आधार मानेर त्यस्ता ग्रामीण क्षेत्रमा रहेका मुक्त कम्लहरीहरुको यर्थात विवरण आउने छ ।

## ३.२ अध्ययनको ढाँचा

मूलत, यो अनुसन्धान मुक्त कम्लहरीको शैक्षिक अवस्थाको बारेमा जानकारी प्राप्त गर्न, महिला शिक्षालाई प्रभावित गर्न, विविध तत्वहरुको खोजी गर्नु तथा शिक्षाले महिलाको जीवनमा पारेको प्रभाव परीक्षण गर्नुतर्फ केन्द्रित रहने हुँदा यसमा शैक्षिक अवस्थाको सम्बन्धमा अनुसन्धान गरी प्राप्त तथ्यहरुको वर्णन गरिएको छ भने महिलाको शैक्षिक अवस्था र शिक्षा प्रतिको धारणालाई प्रभावित गर्न समाजमा विद्यमान तथ्यहरुको पहिचान गरी त्यसको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । वर्णनात्मक ढाँचाबाट अध्ययन क्षेत्रको संख्यात्मक र गुणात्मक सूचनाहरु संकलन गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

अध्ययनलाई बढी प्रभावकारी बनाउन प्राथमिक स्रोतको रुपमा अन्तर्वार्ताका आधारमा तथ्याङ्क संकलन गरिएको छ । साथै द्वितीय स्रोतको रुपमा प्रकाशित लेख, रचना, पुस्तकहरुलाई पनि अनुसन्धानको आधारको रुपमा प्रयोग गरिएको छ । संख्यात्मक र गुणात्मक दुवै प्रकृतिका सूचनाहरुलाई प्राथमिकता दिइएको छ ।

## ३.४ नमुना छनोट

यस अनुसन्धानको लागि मध्यपश्चिमाञ्चलको सबै जिल्लामा जानको लागि असम्भव भएको कारण दाङ जिल्लाको मानपुर गा.वि.स. लाई अध्ययनको क्षेत्र बनाएको छ । मानपुर गा.वि.स. मा जम्मा १३३ जना मुक्त कम्लहरी मध्येबाट ४० मुक्त कम्लहरीलाई नै अनुसन्धानका लागि छनोट गरेको छु । ४० मुक्त कम्लहरीलाई छनोट गर्दा १३३ जनालाई पहिले कुन वार्डमा कति जना रहेका छन् ति सबैको नामावली तयार पारे र ९ वार्डमा वार्डमा ५/५ जना पर्ने गरी ४ वार्डहरु र ४/४ जना पर्ने गरी ५ वार्डहरु छनोट गरे । मानपुर गा.वि.स. मा ९ वटा वार्डमा कम्लहरीहरु रहेको नेपाल सरकारको तथ्याङ्क छ । यसरी वर्गीकरण गरी र्‍यान्डम विधिद्वारा छनोट गरे । त्यसपछि ४० जना मुक्त कम्लहरीहरुसँग प्रत्यक्ष सम्पर्क गरी छलफलका आधारमा सूचना संकलन गरिएको छ र आवश्यकता अनुसार गुणात्मक र परिणात्मक तथ्याङ्कहरु प्राथमिक तथा द्वितीय स्रोतबाट संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका विधिहरु

### ३.५.१ अन्तर्वार्ता

यस अध्ययनमा मैले मेरो विषयसँग सम्बन्धित सबै कुरा समेट्ने गरी मुख्य प्रश्नहरु जस्तो मुक्त हुनुभन्दा पहिले र अहिलेमा के फरक छ ? सरकारले तपाईहरुका लागि के के कामहरु गरेको छ ? सरकारी छात्रवृत्ति प्राप्त गर्नु भएको छ छैन ? महिलाहरुको शिक्षामा न्यून सहभागिताको के हुन सक्छ ? भन्ने जस्ता असंरचनात्मक प्रश्न गर्दै आएको उत्तरबाट प्रति प्रश्न गरी छलफल गरे । उत्तरदाताहरुसँग प्रत्यक्ष रुपमा आमनेसामने बसेर अन्तर्वार्ता लिए । अन्तर्वार्ताका क्रममा उत्तरदातासँग समय मिलाउनु पर्ने, रिसाउने, उत्तर दिन नमान्ने

व्यक्तिहरुलाई सम्झाउँदै कुराहरु बुझाउँदै मानपुर गा.वि.स. का मुक्त कम्लहरी जम्मा ४० जनाको प्रत्यक्ष रुपमा बसेर अन्तर्वार्ता लिइएको थिए ।

### ३.५.२ जानकार व्यक्तिसँगको अन्तर्वार्ता

यस तथ्याङ्क संकलन विधिमार्फत तथ्याङ्क संकलन गर्न जाँदा यस समुदायसँग सम्बन्धित प्रश्नावली तयार पारिएको छ । प्रश्नावलीको माध्यमद्वारा समुदायमा रहेका पुरानो पुस्ताको २ जना र नयाँ पुस्ताको ३ जनालाई उनीहरुको शिक्षा प्रतिको दृष्टिकोण सम्बन्धी अन्तरवार्ता लिई तत् सम्बन्धी तथ्याङ्क संकलन गरिएको थियो । उनीहरुको भनाइ अनुसार पहिलेको तुलनामा अहिले छोरीलाई पनि शिक्षा दिनुपर्छ, शिक्षाप्रति सकारात्मक दृष्टिकोण आएको पाइन्छ ।

### ३.५.३ अवलोकन

यस अध्ययनका लागि अवलोकन पनि आवश्यक रहेकोले अनुसन्धानकर्ता आफै अध्ययन क्षेत्रमा बसेर अवलोकन गरेको छ । मुक्त कम्लहरी तथा थारुको घरपरिवारमा स्पष्ट देखिने सुचनाहरु, पारिवारिक क्रियाकलापहरु, हाउभाउ जस्ता कुराका आधारमा उत्तरको सत्यता परिवारमा काम गर्ने शैली पारिवारिक वातावरण उत्तरदाताको मनोविज्ञान आदि जस्ता कुराहरुको अध्ययन गर्न अवलोकन विधि अपनाइएको छ ।

### ३.५.४ वैयक्तिक अध्ययन

अन्तर्वार्ता र अवलोकन गरिएका मुक्त कम्लहरी मध्ये ४ जना जसको कम्लहरी हुनु पछाडि वा कम्लहरीले शिक्षामा पारेको प्रभाव बारे अन्य भन्दा फरक खालको अनुभवहरु समेटेर वैयक्तिक अध्ययन तयार गरिएको छ । यी ४ जनाको वैयक्तिक अध्ययनले कम्लहरी जस्तो कुप्रथाले शिक्षामा पारेको प्रभावको विश्लेषण गर्नुका साथै महिलाहरु कम्लहरी हुनाका कारणहरु गहन रुपमा पत्ता लगाउन सहयोग पुऱ्याउने छ भन्ने अपेक्षा राखिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

यो अध्ययन कम्लहरी हुनुको कारण खोज्ने र त्यसले शिक्षामा पारेको प्रभावको विश्लेषणमा केन्द्रित भएकोले अध्ययनमा संकलन गरिएका सुचनाहरु गुणात्मक र संख्यात्मक

दुवै खालका छन् । यसरी संकलन गरिएको तथ्याङ्क तथा तथ्यहरुलाई त्यसको प्रकृति अनुसार वर्गीकरण गरी विश्लेषण तथा तालिकावद्ध रुपमा प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

हरेक अध्ययन, अनुसन्धानहरु आ-आफ्नै किसिमका सिमाहरुले बाँधिएका हुन्छन् । यसै क्रममा यस अध्ययनमा पनि केहि सिमाहरु रहेका छन् । यो अध्ययन स्नातकोत्तर उपाधिका लागि गरिएको शोधपत्र भएकोले यसमा समय, स्रोत, साधन एवम् आर्थिक अभावका कारण अध्ययन क्षेत्रका सबै कम्लहरीहरुलाई समेट्न मानपुर गा.वि.स. मा रहेका कम्लहरीहरुलाई समेटिएको छ । यो अध्ययन क्षेत्रका मुक्त कम्लहरीहरुको शैक्षिक पक्षमा मात्र सीमित गरिएको छ । दाङ जिल्लामा कम्लहरी प्रथा विरुद्ध भएका कार्यक्रमको प्रभाव र संचार माध्यमबाट कम्लहरीबारे प्रसारण हुने कार्यक्रमले गर्दा कम्लहरी बारे सजिलै जानकारी प्राप्त गर्न र उनीहरुसँग सहज रुपमा भेट्न र कुराकानी गर्न केहि कठिनाई आइपरे पनि अनुसन्धान गरिएको छ । यो अनुसन्धान दाङका केही सीमित गाउँहरुमा मात्र गरिएकोले यो अध्ययनले अन्यत्रका यस्तै समस्याको प्रतिनिधित्व नगर्न पनि सक्छ ।

# अध्याय- चार

# अध्ययन क्षेत्रको अवस्थिति र सामाजिक, आर्थिक स्थिति

## ४.१ मानपुर गा.वि.स. को संक्षिप्त परिचय

दाङ नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको राप्ती अञ्चलको एउटा भित्री तराई जिल्ला हो । पूर्वमा त्रिपुर, पश्चिममा तुलसीपुर, उत्तरमा बिजौरी र दक्षिणमा डुरुवा हुँदै भित्र मानपुर गा.वि.स. अवस्थित छ । यो गा.वि.स. ९ वडाहरुमा विभाजित रहेको छ ।

दाङ जिल्लाको क्षेत्र नं. ४ अवस्थित रहेको मानपुर गा.वि.स. को कुल जनसंख्या १४८६४ रहेको छ भने ६९२६ पुरुषको संख्या रहेको छ भने ७९३८ महिलाको जनसंख्या रहेको छ जनसंख्या बृद्धिदर २.८ प्रतिशत रहेको छ । प्रायः सबै जसो जातिको बसोबास रहेता पनि मुख्यतया थारु जातिको बाहुल्यता रहेको छ । यहाँका अधिकांश जनता कृषिमानै निर्भर रहेका छन् ।

### ४.१.१ शैक्षिक, संचार तथा स्वास्थ्य सेवाको स्थिति

अध्ययन क्षेत्रको दाङ जिल्लामा शिक्षा दिनका लागि सरकारी क्षेत्रबाट विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयको स्थापना पश्चात त्यहाँका हुने खाने परिवारका सदस्यहरुले औपचारिक शिक्षा लिएको पाइन्छ भने समयको विकाससँग विभिन्न क्षेत्रमा विद्यालयहरुको स्थापना हुने क्रममा यस क्षेत्रमा पनि सरकारी तथा निजी प्रयासबाट शैक्षिक संस्थाहरु स्थापना भएको पाइयो । अध्ययन क्षेत्रमा रहेको दाङ जिल्लाको शैक्षिक संस्थाहरुको विवरणलाई तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**तहगत विद्यालय/क्याम्पस विवरण २०७२/०७३**

| संचालन तह | सामुदायिक विद्यालय | संस्थागत | जम्मा |
|---|---|---|---|
| प्रा.वि. | २५० | १२० | ३७० |
| नि.मा.वि. | ८० | ५१ | १३१ |
| मा.वि. | ५५ | ५० | १०५ |
| उ.मा.वि. | ३६ | २३ | ५९ |
| जम्मा विद्यालय संख्या | ४२१ | २४४ | ६६५ |

स्रोत : शैक्षिक तथ्याङ्क २०७२ जि.शि.का दाङ

यस गा.वि.स. मा संचारको स्रोतको रुपमा पत्रिका तर्फ ३, साप्ताहिक तर्फ ४, एफ.एम तर्फ ४, स्थानीय टेलिभिजनमा ३ को साथ साथै विभिन्न नेट इन्टरनेट र एउटा हुलाक कार्यालय रहेको छ ।

यस गा.वि.स. मा सामुदायिक अस्पताल, दन्त क्लिनिक र साझा पसल व्यक्तिगत क्लिनिक आदि रहेका छन् ।

### ४.१.२ आर्थिक क्रियाकलापहरु

यस गा.वि.स. को आर्थिक, कृषि र व्यापारमा निर्भर छ । हावापानी अनुकूल भएकोले अन्न उत्पादनको दृष्टिकोणले यो जिल्ला अञ्चलकै अन्न भण्डारको रुपमा रहेको छ । यहाँ उत्पादन हुने अन्न बालीहरु धान, मकै, गहुँ, जौ हुन भने दलहन तथा तेलहरुमा मसुरो, मास, भटमास, रहर, केराउ, चना आदिको साथै तोरीको खेतीसमेत प्रशस्त मात्रामा हुने गर्दछ । यसै गरी मौसमी र बेमौसमी तरकारी खेती, दुग्ध व्यवसाय, माछापालन र फलफूल खेती समेत आयआर्जनका स्रोत भएका छन् ।

### ४.१.३ विद्युत, सडक तथा यातायात सेवा

यस गा.वि.स.मा विद्युत आपूर्तिको लागि यस जिल्लाको लमही स्थिति १३२/३३/११ के.भि. सबस्टेशनको ३३ के.भि. फिडरबाट तुलसीपुर विजौरी र मानपुर स्थित विद्युत आपूर्ति

गरिएको छ सबै टोलमा विद्युत विस्तार गरिएको छ । यस गा.वि.स.मा सबै स्थानमा यातायातको सुविधा रहेको पाइदैन मुख्य बाटोमा ग्राभेल रोडहरु रहेका छन् ।

### ४.१.४ धार्मिक तथा पर्यटकीय स्थलहरु

यस गा.वि.स. मा प्रमुख धार्मिक पर्यटकीय स्थलहरुमा गणेश मन्दिर, शिव मन्दिर र भगवतीको मन्दिर जस्ता अति पवित्र स्थलहरु रहेका छन् ।

## ४.२ कम्लहरीहरुको सामाजिक तथा आर्थिक पृष्ठभूमि

मानिस एक सामाजिक प्राणी हो । समाज बिना ऊ एक्लै बस्न सक्दैन । त्यसैले उसको लागि समाज एउटा महत्वपूर्ण अंग हो । मानिसको सामाजिक अवस्था के कस्तो रहेको छ सो कुराको उल्लेख उ बसेको समाजको मूल्यमान्यता, चालचलन, व्यवहार, धर्म, संस्कृति, संस्कार, परम्परा, कानुनले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । त्यसै गरी दाङ जिल्लाको मानपुर गा.वि.स.मा अवस्थित मुक्त कम्लहरीहरुको सामाजिक अवस्थालाई गर्नुपर्दा यहाँ बसोबास गर्ने मुक्त कम्लहरीहरुको जाति, धर्म, भाष, संस्कृतिलाई उल्लेख गर्नुपर्दछ । यहाँ धार्मिक दृष्टिकोणले हिन्दुहरुको बाहुल्यता छ । यी विभिन्न जातिहरुको आ-आफ्नै भाषा, धर्म, संस्कृति र परम्परा रहेका छन् । अध्ययन क्षेत्रमा मुक्त कम्लहरी, मुक्त कमैया र विभिन्न जातजातिका अन्य व्यक्तिहरुको पनि बसोबास रहेको छ । मुक्त कम्लहरीहरुको शैक्षिक अवस्थाको अध्ययन गर्नका लागि स्थलगत सर्वेक्षण गर्दा त्यस स्थानमा गई गरिएको हो । उक्त अध्ययनमा समेटिएका उत्तरदाता मुक्त कम्लहरीको सामाजिक अवस्था र शैक्षिक अवस्थामा उनीहरुको उमेर, पारिवारिक संरचना, परिवारको आकार, आर्थिक आम्दानी, आम्दानीको स्रोत, शैक्षिक अवस्था, स्वास्थ्य, कम्लहरी, कमैया बस्तीको अनुभव, मुक्त पछिको अनुभव संस्थाहरुमा उनीहरुको संलग्नता आदिको बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

### ४.२.१ उत्तरदाताको उमेर अनुसारको विवरण

कुनै पनि ठाउँको सामाजिक अवस्था त्यहाँको जनसंख्याको बनावट, उमेर र लिङ्गमा आधारित हुन्छ । अध्ययनको क्रममा उत्तरदाताको उमेर अनुसारको जनसंख्या गणना गरिएको थियो । जसलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २**

**उमेर अनुसार उत्तरदाताको विवरण**

| क्र.सं. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २०-२९ | ८ | २० |
| २ | ३०-३९ | १४ | ३५ |
| ३ | ४०-४९ | १० | २५ |
| ४ | ५०-५९ | ५ | १२.५ |
| ५ | ६० भन्दा माथि | ३ | ७.५ |
| जम्मा | | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार २०-२९ वर्ष उमेर समूहका उत्तरदाताको संख्या ८ वा २० प्रतिशत रहेको छ भने ३०-३९ वर्ष उमेर समूहको उत्तरदाताको संख्या १४ जना रहेको छ जुन कुल नमुनाको ३५ प्रतिशत हुन जान्छ । त्यस्तै ४०-४९ वर्ष उमेर समूहको उत्तरदाताको संख्या १० रहेको छ, जुन प्रतिशतको हिसावले हेर्दा २५ हुन जान्छ । त्यसरी नै कुल नमुना मध्ये बाट ५ जना वा ५०-५९ वर्ष उमेर समूहको उत्तरदाता ३ जना उत्तरदाता ६० वर्ष भन्दा माथिको उमेर समूहबाट छनोट गरिएको छ ।

### ४.२.२ कम्लहरीहरुको परिवारको जनसंख्या

मुक्त कम्लहरीको अध्ययनका क्रममा ४० घर छानिएका थिए । जसमा उनीहरुको जीवन स्तरको बारेमा के कस्ता रहेका थिए भन्ने बारेमा सोधिएका थिए । साथै पहिलेको र अहिलेको जीवन स्तरमा के फरक रहेको छ भनि अध्ययन गरियो । जनसंख्या सामाजिक अवस्था दर्शाउने एउटा मापदण्ड हो । जनसंख्याको अध्ययनबाट जन्म तथा मृत्युदर, आश्रित दर, पारिवारिक आकार तथा प्रकार, लिङ्ग अनुपात आदिको बारेमा जानकारी हासिल गर्न सकिन्छ । जनसंख्या अध्ययनको क्रममा यदि कुनै परिवारमा बच्चाहरुको संख्या धेरै देखिएमा हामी सहजै भन्न सक्छौ, कि त्यो परिवार सामाजिक रुपमा पिछडिएको छ । जुन समाजमा जन्मदर, मृत्युदर, आश्रित अनुपात तथा परिवार संख्या उच्च रहन्छ । त्यो परिवारको सामाजिक आर्थिक अवस्था कमजोर हुन्छ तसर्थ जनसंख्याको अध्ययन सामाजिक अवस्थाको दर्पण हो ।

अध्ययनको क्रममा नमुना चयन भएका परिवारमा विभिन्न समूहको जनसंख्या रहेको छ त्यसैले यहाँ कम्लहरीहरुका परिवारको कूल जनसंख्यालाई उमेर र लैङ्गिक आधारमा विभिन्न समूहमा विभाजन गरी विश्लेषण गरिएको छ ।

**तालिका नं. ३**

**उमेर र लैङ्गिक आधारमा परिवारको जनसंख्या विवरण**

| क.सं. | उमेर समूह | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ०-५ | ० | ० | ५ | ५.०५ | ५ | २.३८ |
| २ | ६-१६ | ३९ | १८.५७ | ३३ | १५.७१ | ७२ | ३४.२८ |
| ३ | १७-५९ | ६५ | ३०.९५ | ५४ | २५.७१ | ११९ | ५६.७७ |
| ४ | ६०+ | ७ | ३.३४ | ७ | ३.३३ | १४ | ६.६६ |
| | जम्मा | १११ | ५२.९ | ९९ | ४७.१ | २१० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

तालिका न. ३ का अनुसार ४० घरपरिवारमा ०-५ वर्षका बालबालिकाहरुमा बालिका तर्फ ० जना र बालक तर्फ ५ जना अर्थात ५.०५ प्रतिशत गरी जम्मा ५ जना अर्थात २.३८ प्रतिशत बालबालिका रहेका छन् । त्यसैगरी ६-१६ वर्ष उमेर समूहका बालबालिकाहरु जो विद्यालय जाने कार्यमा व्यस्त रहेको देखियो त्यसमा महिलातर्फ ३९ जना अर्थात १८.५७ प्रतिशत र पुरुषतर्फ ३३ जना अर्थात् १५.७१ प्रतिशत गरी जम्मा ३४.२८ प्रतिशत रहेको पाइयो । १७-५९ वर्ष उमेर समूहको जनसंख्यामा महिला तर्फ ६५ जना अर्थात ३०.९५ प्रतिशत छन् भने पुरुषतर्फ ५४ जना अर्थात २५.७१ प्रतिशत छन् । ६०+ वर्ष भन्दा माथि महिला ७ जना अर्थात ३.३४ प्रतिशत र पुरुष ७ जना अर्थात ३.३४ प्रतिशत रेको छ । यस तथ्याङ्कले के देखाउँछ भने काम गर्ने जनसंख्या बढी छ बुढापाकाको संख्या कम भएकोले यो थारु समुदायमा काम गरेर खानेको संख्या बढी छ । त्यसैले भविष्यमा यो समुदायले उन्नति गर्न सक्छ । बच्चाहरुको संख्या पनि कम रहेकोले प्रजनन् दर कम छ भन्ने कुरा यस तथ्याङ्कले प्रस्तुत गर्दछ । लैङ्गिक आधारमा महिलाको जनसंख्या बढी देखिन्छ ।

### ४.२.३ शैक्षिक स्थिति अनुसार उत्तरदाता परिवारको विवरण

आजको एक्काइसौं शताब्दीमा शिक्षा अत्यन्त महत्वपूर्ण कुरा भएको छ । शिक्षाद्वारा मानवले आफ्नो समग्र विकास गरी जीवनमा पूर्णता प्राप्त गर्दछ र आफ्नो आचार-विचार र रहनसहनमा परिवर्तन गर्दछ । शिक्षाद्वारा नै संसारको आर्थिक, वैज्ञानिक, सामाजिक-सांस्कृतिक तथा अध्यात्मिक उन्नति सम्भव भएकोले अशिक्षा मानव जीवनको एउटा महत्वपूर्ण पक्ष बनेको छ । जबसम्म समाजमा शिक्षाको विकास हुँदैन तबसम्म कुनै पनि विकास हुन सक्दैन । नेपालमा थारु जातिमा अन्य जातिको तुलनामा साक्षरता प्रतिशत निकै कम देखिन्छ । जसको फलस्वरुप थारु परिवारमा कम्लहरी प्रथा, कमैया प्रथा हालसम्म पनि पाइन्छ । अध्ययन क्षेत्र दाङ मानपुर गा.वि.स. मा बसोबास गर्ने थारु जातिमा शिक्षाको स्तर अन्य जातिको तुलनामा कमजोर पाइन्छ । तापनि हाल शैक्षिक जागरणका कारण आफ्ना बालबच्चाहरुलाई विद्यालय पठाउने क्रम बढ्दो रुपमा रहेको पाइन्छ । विद्यालय शिक्षाबाट बञ्चित व्यक्तिहरुले प्रौढ शिक्षाबाट साधारण ज्ञान हासिल गरेको पाइन्छ । यस क्षेत्रको मुक्त कम्लहरी परिवारको शैक्षिक स्थिति के कस्तो भन्ने कुरा तलको तालिकामा देखाएको छ ।

**तालिका नं. ४**

**शैक्षिक स्थिति अनुसार उत्तरदाता परिवारको विवरण**

| क्र.सं. | शिक्षाको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १-५ कक्षा | ५१ | २४.८७ |
| २ | ६-१० कक्षा | २३ | ११.२१ |
| ३ | एस.एल.सी. | ९ | ४.३९ |
| ४ | आइ.ए. वा सो भन्दा माथि | ६ | २.९२ |
| ५ | प्रौढ | ३३ | १६.०९ |
| ६ | निरक्षर | ८३ | ४०.४८ |
| जम्मा | | २०५ | ९९.९७ |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार उत्तरदाता परिवारको शैक्षिक स्थिति हेर्दा १ देखि ५ कक्षासम्म अध्ययन गर्ने संख्या ५१ जना अर्थात २४.८७ प्रतिशत रहेछ । ६ देखि १० कक्षासम्म अध्ययन गर्ने संख्या २३ जना अर्थात ११.२१ प्रतिशत, एस.एल.सी. सम्म अध्ययन

गर्ने संख्या ९ जना अर्थात् ४.३९ प्रतिशत र आइ.ए. वा सो भन्दा माथि अध्ययन गर्ने संख्या ६ जना अर्थात् २.९२ रहेको छ । यसैगरी प्रौढ शिक्षा लिनेको संख्या ३३ जना अर्थात् १६.०९ प्रतिशत र निरक्षरको संख्या ८३ जना अर्थात् ४०.४८ प्रतिशत रहेको छ ।

यस तथ्याङ्कबाट के देखिन्छ भने उत्तरदाताको परिवारमा १-५ कक्षासम्म अध्ययन गर्ने संख्या सबैभन्दा बढी २४.८७ प्रतिशत र आई.ए. वा सो भन्दा माथि अध्ययन गर्ने संख्या २.९२ प्रतिशत सबै भन्दा कम रहेको देखिन्छ । मुक्त कम्लहरी परिवारमा आर्थिक कारण रोजगारीको अवसर कम प्राप्त गर्नु, अनुत्तीर्ण भए बीचैमा पढाइ छाड्ने प्रवृत्ति र अलि ठूलो भएपछि घरायसी काममा लागि पर्नुपर्ने बाध्यताले गर्दा एस.एल.सी., आई.ए. वा सो भन्दा माथि अध्ययन गर्ने जनसंख्या कम रहेको देखिन्छ । यसबाट के भन्न सकिन्छ भने मुक्त कम्लहरी परिवारमा शैक्षिक चेतना बढ्दै गएपनि यिनीहरुको शैक्षिक स्तर त्यति राम्रो देखिँदैन ।

### ४.२.४ उत्तरदाताको वैवाहिक अवस्था

कुनै पनि समाजमा कुन उमेरमा विवाह गर्ने भन्ने कुरा त्यस समाजको सामाजिक तथा सांस्कृतिक पक्षहरुले प्रभावपारेको हुन्छ । यस अध्ययन क्षेत्रका महिलाहरुको वैवाहिक अवस्थाको अवलोकन र अन्तवार्ताको माध्यमबाट लिइएको जानकारीको तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५**

**उत्तरदाताको वैवाहिक विवरण**

| क.सं. | लिङ्ग | अवस्था | विवाहित | अविवाहित | विदुर |
|---|---|---|---|---|---|
| १ | महिला | जनसंख्या | ४६ | ५९ | ६ |
| | | प्रतिशत | ४१.४४ | ५३.१५३ | ५.४० |
| २ | पुरुष | जनसंख्या | ४६ | ५३ | - |
| | | प्रतिशत | ४६.४७ | ५३.५३ | |
| | | जम्मा | ९२. | ११२ | ६ |
| | | | ४३.८० | ५३.३३ | २.८५ |

स्रोत : स्थलगत अध्ययन, २०७३

तालिका न. ५ अनुसार कूल २१० जनसंख्या मध्ये विवाहित महिला ४६ जना (सम्पूर्ण महिला जनसंख्याको ४१.४४ प्रतिशत) र विवाहित पुरुष र ४६ जना (सम्पूर्ण पुरुष जनसंख्याको ४६.४७ प्रतिशत) रहेको छ । कूल विवाहित जनसंख्या ८२ (सम्पूर्ण जनसंख्याको ३४३.८०) रहेको यस क्षेत्रमा विवाहित मध्ये कै ६ जना महिला विधवा रहेका छन् । यस तालिकामा अविवाहिताको जनसंख्या ११२ (सम्पूर्ण जनसंख्याको ५३.३३ प्रतिशत) रहेकोमा ५९ महिला र ५३ पुरुष रहेका छन् ।

### ४.२.५ परिवारको प्रकारका आधारमा कम्लहरीको पारिवारिक विवरण

थारुहरुको परम्परागत रुपमा पहिले संयुक्त परिवार जसमा २५-३० जना सम्म पनि रहेको पाइयो । तर अचेल एकल परिवार बढी पाइन्छ । परिवारको प्रकारका आधारमा कम्लहरीको परिवारको विवरण निम्न तालिका नं. ६ अनुसार रहेको छ ।

**तालिका नं. ६**

**परिवारको प्रकारका आधारमा कम्लहरीको पारिवारिक विवरण**

| क्र.सं. | परिवारको प्रकार | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | संयुक्त परिवार | ३१ | ७७.५ |
| २ | एकात्मक परिवार | ९ | २२.५ |
| | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. ६ का अनुसार ४० घरपरिवारमा संयुक्त परिवार ३१ अर्थात् ७७.५ प्रतिशत र एकात्मक परिवार ९ अर्थात् २२.५ प्रतिशत रहेका छन् । आमाबाबु र उनीहरुका अविवाहित बच्चाहरु मात्र भएको परिवारलाई एकात्मक परिवार भनिन्छ । एउटा दम्पत्तिले आफ्नो छोराको विवाह नहुञ्जेलसम्मको अवस्था नै एकल परिवार हो । एउटै परिवारभित्र बाजेबज्यै, आमाबाबु, दाजुभाइ, छोराछोरी, भाउजू, बुहारी, नातिनातिनी, पनाति, पनातिनीहरु गरी तीन-चार पुस्तासम्म एउटै भान्सामा खानाखाने गरी बसोबास गर्ने परिवारलाई संयुक्त परिवार भनिन्छ ।

मुक्त कम्लहरी समुदायमा परम्परागत रुपमा पहिले वृहत तथा संयुक्त परिवारमा बस्दै आएको भए पनि हाल समय परिवर्तनसँगै एकल परिवार बढी हुन थालेको छ । बृहत

र संयुक्त परिवारमा धेरै सदस्य मिलि खेती गरी जिविका चलाउँथे । पहिले, अरुको घरमा कमैया, कम्लहरी बसेर काम गर्ने गरेर जिविका चलाउने भने अहिले कमैया, कम्लहरी प्रथा मुक्ति भएपछि भने उनीहरुको परिवारको आकारमा फरक आएको छ । छुट्टै बस्दा आर्थिक उन्नति हुन्छ आफ्ना छोराछोरीलाई पालनपोषण गर्न सकिन्छ अनि राम्रो शिक्षा पनि दिन सकिन्छ भन्ने धारणाले पनि परिवार परिवर्तन हुँदैछ । मानिस अहिले पश्चिमीकरणको प्रभावले व्यक्तिवादी हुन् थालेका छन् । जुन कुराको प्रभाव थारु समुदाय भित्रका मुक्त कम्लहरीहरुमा पनि पाउन थालिएको छ । सँगै बस्दा सबैको मन नमिल्ने झगडा हुन सक्ने, स्वतन्त्र हुन नपाइने कारणले पनि छुट्टै बस्न थालेका छन् ।

### ४.२.६ आकारको आधारमा कम्लहरीको परिवारको विवरण

थारुका ४० परिवारलाई सदस्य संख्याको आधारमा विभिन्न वर्गमा विभाजन गरिएको छ । जुन निम्न तालिका नं. ७ अनुसार रहेको छ ।

**तालिका नं. ७**

**घरपरिवारको सदस्यहरुको विवरण**

| क्र.सं. | परिवारका सदस्य संख्या | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सानो (१-४ जना) | १२ | ३० |
| २ | मध्यम (५-८ जना) | २५ | ६२.५ |
| ३ | ठूलो ९ माथि | ३ | ७.५ |
| | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. ७ अनुसार थारुको परिवारलाई आकारका दृष्टिले ३ भागमा बाँडिएको छ । जसमा सानो परिवार १२ अर्थात ३० प्रतिशत, मध्यम परिवार २५ अर्थात ६२.५ प्रतिशत र ठूलो परिवार सदस्य संख्या ३ अर्थात ७.५ प्रतिशत रहेका छन् । जसमा मध्यम सदस्य संख्या बढी रहेको पाइयो ।

पहिला थारुहरु तराईकै रैथाने हुँदा उनीहरुसँग जमिन धेरै थियो पछि बसाईसराईको कार्यक्रम, औलो उन्मुलन कार्यक्रम पछि तराईमा बसाइसराई गरी पहाडीहरु तराइमा आएपछि थारुहरुको भूमि स्वामित्व कम हुँदै गयो ।

आफ्नै घरमा खेती गर्ने खेताला भए खेती गर्न सजिलो धेरै छोराछोरी भए अर्काको घरमा काम गर्न राख्ने जसबाट पैसा आउँछ र आर्थिक स्थिति बलियो हुन्छ भनेर धेरै सन्तान जन्माउने गर्दथे । विभिन्न सञ्चारको माध्यमले पुँजीवादको विस्तार हुँदा विभिन्न ठाउँमा काम गर्न जाँदा त्यहाँका कुरा सिक्नाले गर्दा त्यस समुदायका मानिसहरु जनचेतना वृद्धि भएको छ । त्यसले गर्दा सानो परिवार सुखी परिवार संख्या घटे जस्तै यहाँ पनि पहिलाको तुलनामा परिवार संख्या घट्दै छ । थोरै छोराछोरी भए उचित स्याहार पुग्ने, राम्रो शिक्षा दिन पाइने, कम खर्च लाग्ने जस्ता कुराहरु अभिभावकले बुझ्न थालेका छन् । पहिलाको तुलनामा छोराप्रतिको चाहना अलि कम हुँदा छोरी भए पनि ठिकै छ भनि छोरा पर्खिरहनु परिवार नियोजनका साधन सजिलै उपलब्ध हुनु एकल परिवारको संख्या बढ्नु आदि कारणले सानो परिवारको संख्या विस्तारै बढ्दैछ ।

### ४.२.७ परिवार प्रमुखको आधारमा परिवारको विवरण

पितृसत्तात्मक पारिवारिक ढाँचाको हाम्रो समाजमा अधिकांश परिवारमा परिवार प्रमुख पुरुषहरु नै रहेका छन् । केहि परिवारमा महिला प्रमुख भए पनि ती परिवार मातृ सत्तात्मक नभई लोग्नेको मृत्यु भएको वा प्रमुख घरबाहिर काम गर्न गएको विभाजनलाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८**

**परिवार प्रमुखको आधारमा परिवारको विवरण**

| क्र.सं. | परिवार प्रमुख | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष नेतृत्व परिवार | ३४ | ८५ |
| २ | महिला नेतृत्व परिवार | ६ | १५ |
| | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. ८ अनुसार कूल ४० परिवारमध्ये ३४ अर्थात ८५ प्रतिशत परिवारमा पुरुष परिवार प्रमुखको रुपमा रहेका छन् बाँकी ६ अर्थात १५ प्रतिशत परिवारमा मात्र महिलाहरु परिवार प्रमुखको रुपमा रहेका छन् । हाम्रो जस्तो पुरुष प्रधान समाजमा महिला सहज रुपमा परिवार प्रमुख हुँदैनन् । महिला जहिले पनि पुरुषमा आश्रित हुँदै आएका

छन् । एक्काइसौं शताब्दीमा पनि महिलाको निर्णय स्वीकार हुन्छ भने त्यहाँ पुरुष नभएर या पुरुष हुर्कि नसकेको भएर हो । महिला पुरुष सरह पढे लेखेको भए पनि परिवारमा पुरुष कै निर्णय प्रमुख हुन्छ । यो थारु समुदाय पनि पुरुष प्रधान समुदाय हो । यही कारणले गर्दा परिवार प्रमुखले निर्णयमा विना इच्छा थारु महिला कम्लहरी बस्न बाध्य पारेका हुन्छन् ।

यस समुदायमा पनि पुरुष महिला दुवै बराबरी रुपमा काम गर्दछन् । महिला घरको काम भ्याएर ज्यालामजदुरीको काम पनि गरिरहेका हुन्छन् । तर पनि अधिकांश परिवारमा पुरुष नै परिवार प्रमुख रहेका छन् । यहाँ महिला परिवार प्रमुख भएका परिवारमा पनि लोग्ने नभएका, छोरा पनि नभएको कारण बाध्यात्मक स्थितिमा मात्र महिला प्रमुख हुन पुगेका छन् ।

### ४.२.८ पेशागत अवस्था

यहाँ अधिकांश मुक्त कम्लहरीहरु दासताबाट मुक्त भएर जीवनलाई नयाँ मोड दिन त्यति सहज थिएन । तर कठिन परिस्थितिका बाबजुद पनि उनीहरुले केही गर्ने साहसका साथ कृषि पेशाका साथै अन्य पेशामा संलग्न रहेका छन् । यसरी यहाँका मानिसहरुले अपनाउने पेशाहरुलाई विभिन्न बुँदाहरुमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ । जसमा विद्यार्थीहरुलाई समेटिएको छैन । यहाँ अपनाइने पेशागत विवरणलाई तालिकामा राखी देखाउने प्रयास गरिएको छ ।

**तालिका नं. ९**

**मुक्त कम्लहरीहरुको परिवारको पेशागत अवस्था**

| क्र.सं. | विवरण | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि | ३१ | ४९.२० | १९ | २७.१४ | ५० | ३७.५९ |
| २ | ज्याला मजदुरी | २६ | ४१.२७ | ३० | ४२.८५ | ५६ | ४२.१० |
| ३ | व्यापार | ५ | ७.९४ | १५ | २१.४२ | २० | १५.०३ |
| ४ | वैदेशिक रोजगार | – | – | ६ | ८.५७ | ६ | ४.५१ |
| ५ | सरकारी जागिर | १ | १ | ० | – | १ | ०.७५ |
| | जम्मा | ६३ | ९९.४० | ७० | ९८.९८ | १३३ | ९९.९८ |

स्रोत : स्थलगत अध्ययन, २०७३

हाम्रो जस्तो कृषि प्रधान देशमा धेरै जसो मानिसहरु कृषि पेशा अपनाउँछन् । थारु समुदायको परापूर्वकालदेखि नै मुख्य पेशा कृषि हो खेतीको काम गरेर गुजारा चलाउँदै आएका यिनीहरु हाल कृषि पेशा र ज्याला मजदुरी पेशामा बढी संलग्न रहेका छन् । पुँजीवादको विकास, बजारको विस्तारले केही व्यापार गर्न थालेका छन् । विदेशमा गएर श्रम खर्च गरेर धेरै पैसा कमाएर आर्थिक उन्नति गर्न सकिन्छ भन्ने आसयले केहि वैदेशिक रोजगारीमा लागेका छन् । वैदेशिक रोजगारमा जाने जनसंख्या पुरुषको मात्र रहेको छ अझै पनि यो थारु समुदायमा पितृसत्तात्मक सोच रहेको कारण छोरी मान्छे अर्काको देशमा गएबिग्रिन्छ र घर सम्हाल्नको लागि महिला नै चाहिन्छ भन्ने जस्ता धारणा यो थारु समुदायबाट हट्न नसकेको कारणले पुरुष मात्र विदेश गएको पाउन सकिन्छ । सरकारी जागिर खानेमा महिला मात्र रहेको पाइन्छ किनभने थारु समाजमा पनि समय परिवर्तनसँगै शिक्षाको धारणामा पनि परिवर्तन आएको र सरकारले मुक्त कम्लहरी घोषणा गरेवापत महिलाले पनि केही हदसम्म शिक्षा पाएको देखिन्छ । शिक्षाको कारण उनीहरुमा केहि गर्नुपर्छ भन्ने सोचका कारण सरकारी जागिरमा महिला मात्र छन् भने पुरुष बढी विदेश र ज्याला मजदुरीमा बढी पैसा कमाउने भएका कारण बढी आकर्षित भएको देखिन्छ ।

### ४.२.९ जग्गा जमिनको स्वामित्व

मानिसहरु बसोबास गर्नका साथै उत्पादनका लागि जमिनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अझ कृषि प्रधान राष्ट्रका लागि त यसको अत्याधिक महत्व हुने गरेको हुन्छ । मुक्त कम्लहरीहरुको परिवारको स्वामित्वमा रहेको भूमिको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०**

**मुक्त कम्लहरीहरुको घरपरिवारको स्वामित्वमा रहेको भूमिका विवरण**

| क्र.सं. | भू-स्वामित्व | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १-५ कट्ठा | ३१ | ७७.५ |
| २ | ६-१० कट्ठा | ७ | १७.५ |
| ३ | १०-१५ कट्ठा | २ | ५ |
| | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. १० अनुसार कूल ४० परिवारमा भूमिहिनको संख्या शुन्य रहेको छ । किनकि सरकारले कमैया मुक्त भएपछि उक्त ठाउँमा कमैया पुर्नवासका लागि सबै मुक्त कमैयाहरुलाई ५ कट्ठा जग्गा वितरण गरेर बस्ति बसाएको हुनाले त्यहाँ भूमिहिनहरुको संख्या शुन्य रहेको छ । पुर्नबास कार्यक्रम पछि केहि व्यक्तिहरुले आफ्नो लगानीमा जग्गा किनेको पाइन्छ । सबैभन्दा कम १०-१५ कट्ठामा २ जना अर्थात ५ प्रतिशत मात्र रहेका छन् । त्यस्तै ६-१० कट्ठामा ७ जना अर्थात १७.५ प्रतिशत रहेका छन् भने सबैभन्दा बढी १-५ कट्ठामा रहेका छन् । १-५ कट्ठा जमिन भएको हुनाले उनीहरुलाई त्यसले वर्षभरि खान नपुग्ने र जिविकोपार्जनको लागि उनीहरु अर्काको जग्गा अधिया लगाउने, ज्याला मजदुरी गर्ने जस्ता कामहरु गर्दछन् । पहिला थारुहरुको धेरै जग्गा थियो । वि.सं. २०२१ सालको भूमिसुधार ऐन र औलो उन्मुलन भएपछि यहाँ पहाडियाहरु प्रवेश हुन थाले र तिनीहरु ब्राह्मण, क्षेत्री जातका थिए उनीहरुसँग पेशा प्रशस्त थियो र थारुहरु निकै इमान्दार, मेहनती तर सोझा दिए । यहि सोझोपनको फाइदा उठाएर बसाइ आउनेले विभिन्न प्रलोभन र बहानामा रैथाने थारुका जमिन आफ्नो नियन्त्रणमा लिए । आफ्नो स्वामित्वको जमिन गुमेपछि खेतिपातिको मात्र सिप भएका उनीहरुसँग जीविकोपार्जनको आधार बाँकी रहेन त्यसपछि उनीहरु आफ्नो जग्गा हात पार्नेकै शरणमा पर्न बाध्य भए यसरी थारुहरु भूमिहिन र कमैया कम्लहरी बस्न बाध्य भएको पाइन्छ ।

### ४.२.१० मुक्त कम्लहरी परिवारले उत्पादन गरेको खाद्यान्नबाट खान पुग्ने र नपुग्ने आधारमा विवरण

यस अध्ययन क्षेत्रका कतिपय थारु परिवारसँग कम जग्गा तथा जग्गा भएका थारु परिवारको पनि कृषि उत्पादनमा कमी आउनु र विविध किसिमका घर खर्च चलाउन आफूले उत्पादन गरेको खाद्यान्न समेत बेच्नु पर्ने भएकोले केहि मुक्त कम्लहरी परिवारलाई आफ्नो उत्पादनबाट वर्षभर खान नपुग्ने स्थिति रहेको देखिन्छ । यस क्षेत्रका कम्लहरी परिवारको खाद्यान्न पर्याप्तताको स्थिति तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११**

**खान पुग्ने र नपुग्ने आधारमा विवरण**

| क्र.सं. | खानाको पर्याप्त महिना | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ६ महिनासम्म | ६ | १४ |
| २ | ९ महिनासम्म | ११ | २७.५ |
| ३ | वर्षदिन पुग्ने | २१ | ५२.५ |
| ४ | वर्ष दिन खान पुगेर बेच्न समेत हुने | २ | ५ |
| जम्मा | | ४० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिकामा ४० जना उत्तरदातामध्ये ६ महिनासम्म मात्र खान पुग्ने उत्तरदाताको संख्या ६ जना, ९ महिनासम्म खान पुग्ने उत्तरदाताको संख्या, ११ जना वर्षदिन खान पुग्ने उत्तरदाताको संख्या २१ जना र वर्षदिन खान पुगेर पनि बेच्न समेत हुने उत्तरदाताको संख्या २ रहेको देखिन्छ । यसबाट के देखिन्छ भने आफ्नो जग्गा कम भएको थारु परिवारले पनि मिहिनेत गरी अर्काको जग्गा अधिया गरेर वर्षदिन खानपुग्ने गरी उत्पादन गरी आफ्नो जीवन धानेको पाइन्छ भने ६ महिना र ९ महिना मात्र खान पुग्ने थारु परिवारले ज्याला, मजदुरी गरेर जीवन धानेको पाइन्छ ।

### ४.२.११ अरुको जग्गा अधियामा वा ठेक्कामा कमाउने र नकमाउने कम्लहरीको घर परिवार

समुदायमा विभिन्न जातजातिहरुको बसोबास रहेको हुन्छ । सबै जातिहरुमा समान रुपले प्राकृतिक स्रोत र साधनको विभाजन भएको हुँदैन विभिन्न कारणहरुले कसैले प्राकृतिक स्रोत र साधनमा पकड जमाएका हुन्छन् । यसरी समान रुपमा सबैमा स्रोत नहुने भएकोले जग्गा कमाउने परिवार र जग्गा नकमाउने घरपरिवारहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२**

**अरुको जग्गा अधियामा वा ठेक्कामा कमाउने वा नकमाउने**

**कम्लहरीको घरपरिवारको विवरण**

| क्र.सं. | विवरण | घर परिवार | प्रतिशत |
|---|---|---|---|
| १ | जग्गा कमाउनेहरु | १२ | ३० |
| २ | जग्गा नकमाउनेहरु | २८ | ७० |
| | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

तालिका नं. १२ का अनुसार अरुको जग्गा कमाउने कम्लहरीको घरपरिवार रहेका छन् भने अरुको जग्गा नकमाउने कम्लहरीको घरपरिवार २८ जना अर्थात ७० प्रतिशत रहेका छन् भने अरुको जग्गा कमाउने भन्दा नकमाउने संख्या बढी हुनुमा वैदेशिक रोजगार, सरकारी जागिर, व्यापार तथा व्यवसाय आदि तर्फ संलग्न रहेको देखिन्छ । कृषि पेशामा लाग्नाले खानमा मात्र सीमित हुने, कृषि कार्य गर्न पनि कठिन र सिँचाई आदि सबैको असुविधाको कारणले जग्गा कमाउन भन्दा ज्याला मजदुर, भारत वा वैदेशिक रोजगारमा गए पैसा बढी कमाउन सकिन्छ भन्ने आर्थिक प्रलोभनमा परी र अधियामा जग्गा कमाउँदा आधा उत्पादन साहुलाई दिनुपर्ने भएका कारण जग्गा अधिया नकमाउने संख्या बढी रहेको यस अध्ययनमा देखिनछ ।

# अध्याय- पाँच

# मुक्त कम्लहरी महिलाहरुको शैक्षिक अवस्था र शिक्षाप्रतिको धारणा

मानिसको जीवनमा जसरी अन्य कुराहरुको आवश्यकता हुन्छ । त्यसरी नै शिक्षाको पनि महत्वपूर्ण स्थान रहेको हुन्छ । शिक्षा विना मानिसको जीवन अपुरो हुन्छ । कुनै पनि समाज चेतनशिल र क्रियाशील बनाउनको लागि शिक्षा एउटा महत्वपूर्ण माध्यम बनेको छ । देशमा संचालित विभिन्न योजनाहरुको मुख्य लक्ष्य नै देशवासीको विभिन्न पक्षहरुसँग बनाउनु हो । देश बनाउन भन्नुनै समाजको शैक्षिक स्तरमा वृद्धि गर्नु हो यसमा पनि देशको आधाभन्दा बढी जनसंख्या महिला भएको स्थितिमा महिला शिक्षाको विकास गर्न आवश्यक देखिन्छ । शैक्षिक दृष्टिले हेर्दा यहाँका थारु जाति र त्यसभित्र रहेको कम्लहरी प्रथाका कारण अन्य जातिको तुलनामा पछि परेको देखिन्छ । शिक्षाको महत्व बारे ज्ञान नहुनु तथा कृषिको अलावा अन्य पेशा अपनाउन नजान्ने पनि यसको प्रमुख कारण मान्न सकिन्छ । यस्तै आर्थिक अवस्था कमजोर हुनु पनि अर्को कारण भएको मान्न सकिन्छ । आजभोलि विद्यालयमा मुक्त कम्लहरीहरुको भर्ना संख्यामा केहि वृद्धि भएको पाइन्छ ।

## ५.१ महिलाको शैक्षिक अवस्था

अध्ययन क्षेत्र दाङ जिल्ला मानपुर गा.वि.स. मा बसोबास गर्ने मुक्त कम्लहरी महिलाको शिक्षाको अवस्था कस्तो छ भनेर थाहा पाउनको लागि गरिएको थियो । अनुसन्धानको आधारमा हेर्दा समयको परिवर्तनसँग अनुसन्धान क्षेत्रका कम्लहरी महिलाहरुको केहि मात्रामा भए पनि शिक्षामा परिवर्तन भएको पाइन्छ ।

अध्ययन क्षेत्रका महिलाहरुको उमेर र आर्थिक स्तर परिवारको प्रवृति अनुसार फरक फरक शैक्षिक अवस्था रहेको पाइयो । जसलाई विस्तृत रुपमा बुझाउनका लागि विभिन्न उपशीर्षकमा राखेर देखाइएको छ ।

**तालिका नं. १३**

**उत्तरदाता महिलाहरुको शैक्षिक अवस्थाको विवरण**

| क्र.सं. | शिक्षाको किसिम | उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | निरक्षर | ६०+<br>५०–५९<br>४०–४९ | ३<br>५<br>१० | ४५ |
| २ | औपचारिक | २०–२९ | ८ | २० |
| ३ | अनौपचारिक | ३०–३९ | १४ | ३५ |
| | जम्मा | | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार उमेर समूह ४० भन्दा माथिको १८ जना अर्थात ४५ प्रतिशत महिला निरक्षर रहेको देखिन्छ । उनीहरुले आफू स्कुल नै नगएको पढ्ने त झनै कुरा नगरौ भन्ने कुरा अध्ययनका क्रममा बताए । उनीहरु परम्परागत सोचको कारण आमा बुबाले पढ्न हुँदैन भन्ने त्योसँगै आर्थिक अवस्था कमजोर भएका कारणले उनीहरु शिक्षाबाट पूर्ण रुपमा बञ्चित भएको बताए । आर्थिक अवस्था कमजोर भएको कारणले नै मुक्त कम्लहरी महिलाहरु कम्लहरी बस्न बाध्य भएको कुरा यस अनुसन्धानको क्रममा पाइयो । यस्तै गरी औपचारिक शिक्षा लिने मुक्त कम्लहरीहरुको संख्या ८ अर्थात २० प्रतिशत रहेको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने कम्लहरी प्रथा उन्मुलन पछि उनीहरु स्वतन्त्र भए र कोहीलाई विभिन्न खालका मुत्त कम्लहरी विकास मञ्च जस्ता संघसंस्थाको सहयोगमा र कसैले आफुले विभिन्न खालका तालिम सिक्दै आयआर्जनको काम गर्दै औपचारिक शिक्षा लिएको देखिन्छ भने अनौपचारिक साक्षरता महिलाको संख्या १४ अर्थात ३५ प्रतिशत रहेको पाइयो ।

औपचारिक साक्षरता महिलाको संख्या भन्दा अनौपचारिक महिलाहरुको संख्या बढी रहेको पाइयो । उमेर शैक्षिक अवस्था तुलना गर्दा सानै उमेरमा अनौपचारिक साक्षरता कक्षामा सामेल भई केहि रुपमा परिवर्तन भएको कुरालाई समावेश गरिएको छ । यसरी माथिको तालिकाले के देखाउँछ भन्दा शैक्षिक अवस्था भन्ने कुरा उमेरसँग आउने कुरा रहेछ किनभने जसरी शिक्षाको दर जति उमेर बढ्दै गयो त्यति नै शिक्षाको दर कम छ भन्ने

देखियो । जसबाट जति बढी उमेर छ त्यो उमेर समूहमा शिक्षाको चेतनाको कमि, कम्लहरी बस्नुपर्ने बाध्यता, आर्थिक अवस्था कमजोर भएको कारणले शिक्षाको दर न्यून रहेको देखिन्छ तर शिक्षाप्रति आएको सकारात्मक सोच र मुक्त कम्लहरी घोषणा पछि र समयको परिवर्तनसँगै मुक्त कम्लहरीको शिक्षाको दर भविष्यमा माथि पुग्न सक्ने देखिन्छ ।

## ५.२ साक्षरताको प्रमुख स्रोत

यस अनुसन्धान क्षेत्रका महिलाहरुको साक्षरताको प्रमुख स्रोतका रुपमा औपचारिक र अनौपचारिक गरी २ किसिमको शिक्षा प्रणाली पाइयो ।

**तालिका नं. १४**

**शैक्षिक सहभागिताको किसिम मुक्त कम्लहरी महिलाहरुको विवरण**

| क्र.सं. | शैक्षिक सहभागिताको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | औपचारिक | ८ | ३६.३६ |
| २ | अनौपचारिक | १४ | ६३.६३ |
| | जम्मा | २२ | ९९.९९ |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. १४ अनुसार शिक्षामा संलग्न मुक्त कम्लहरी महिलाहरु मध्ये ८ जना अर्थात ३६.३६ प्रतिशतले औपचारिक शिक्षामा संलग्न रहेका र १४ जना अर्थात ६३.६३ प्रतिशतले अनौपचारिक शिक्षामा संलग्न रहेको पाइयो ।

औपचारिक निकायमा निश्चित नीति नियम भित्र रहि प्रदान गरिने शिक्षालाई औपचारिक शिक्षा भनिन्छ । जस्तैः विद्यालय, संघसंस्था आदि । सिकारुको रुचि, चाहना र आवश्यकतामा आधारित भएर औपचारिकभन्दा बाहिर रहेर प्रदान गरिने शिक्षालाई अनौपचारिक शिक्षा भनिन्छ । अनौपचारिक शिक्षा समसामयिक शिक्षा हो । जस्तैः प्रौढ शिक्षा, महिला शिक्षा कार्यक्रम, नवसाक्षर कार्यक्रम आदि ।

अचेल नयाँ पिँढीका छात्राहरु सबैले औपचारिक शिक्षा लिइरहेका छन् जसको कारण औपचारिक शैक्षिक संस्था गाउँमै हुनु, सरकारी, रोजगारीका लागि औपचारिक शिक्षा आवश्यक हुनु, औपचारिक शिक्षामा संलग्न भए पनि घरको काम, खेतको काम गर्न बेलुका

भ्याउनु, विद्यालय बिदाको दिन मजदुरी गरेर आफ्नो आवश्यक खर्च धान्न सक्नु विद्यालय तहसम्म औपचारिक शिक्षामा तह अनुसार मूल्याङ्कन हुनु सोही अनुसारको प्रमाण पत्र पाइनु आदि कारणले यस शिक्षामा संलग्नता बढ्दै गएको देखिन्छ ।

मुक्त कम्लहरी महिलाहरु अनौपचारिक शिक्षामाबढी सहभागिता रहेको पाइन्छ । पुरानो पिँढीका महिलाहरुको शिक्षामा बढी संलग्नता भएको पाइन्छ । जसमा महिलाहरुको संख्या १४ जना रहेको पाइयो ।

व्यक्तिगत अध्ययन १ (पूर्व कम्लहरी)

| |
|---|
| जस्तै ४१ वर्षीय जुगिना चौधरीका अनुसार- उनको बुबा आमाको आर्थिक अवस्था कमजोर थियो । खानका लागि ठूलो संघर्ष गर्नुपर्ने अवस्थामा थियो । त्यसैले म १२ वर्षकै उमेरमा कम्लहरी बस्न बाध्य भए । यसरी कम्लहरी बस्नु पर्नाको कारण केहि कमाउन र ठूलै प्रगति गरौंला भनेर पनि हैन । मात्र खानका लागि । मात्र परिवारलाई एक जनाको बोझ भए पनि कम होस भन्नाका लागि । यसरी दुखका साथ दिनचर्चा चल्दै थियो पढाइमा इच्छा, हुँदा पनि पढाइबाट बञ्चित हुनु परेको कम्लहरी बस्नु पर्ने कारणले गर्दा तरपछि प्रौढ शिक्षा पढेर भएपनि अलिकति साक्षर हुने मौका पाए भनिन् । अध्ययनमा कम्लहरी महिलाहरुको कुराकानीबाट के प्रष्ट हुन्छ भने शिक्षा आर्जनसँग आर्थिक पक्ष अन्तरसम्बन्ध भएका कारणले उनीहरु शिक्षाबाट बञ्चित रहनु परेको धारणा स्पष्ट हुन आउँछ । |

त्यस्तै अचेल नयाँ पिँढीको छात्राहरु सबैले औपचारिक शिक्षा लिइरहेका छन् र अझ त्यसमा पनि प्राविधिक शिक्षाप्रति आकर्षित भई वा विभिन्न जस्तै (एफएनसी) जस्ता संस्थाको सहयोगमा पढ्न थालेको पाइन्छ । त्यस मध्येकी १९ वर्षीय कविता चौधरीका अनुसार- एफएनसीकै सल्लाह अनुसार तयारी गरेर नर्सिङ पढ्न त नाम निकाले तर नेपालगञ्जमा बसेर पढ्न सक्ने हैसियत थिएन फेरी त्यही संस्थाको सहयोगका लागि भने उहाँहरुले मुक्त कम्लहरी विकास मञ्चद्वारा सञ्चालित छात्राबासमा बसेर पढ्ने व्यवस्था मिलाइदिनु भएको छ । छात्रवृत्ति पाएकाले कलेजको शुल्क तीन वर्षसम्म तिर्नु पर्दैन । यही कारण म अहिले नर्सिङ पढ्न सक्षम भएकी छु । जुन छात्राबासमा म मात्र हैन बर्दिया र कैलालीका, बाँकेका म जस्तै धेरै जना बसेर पढ्ने तथा तालिम लिने गर्दै आएका छौं ।

यसरी उनको भनाइबाट औपचारिक शिक्षाको आवश्यकतासँगै प्राविधिक शिक्षाको पनि आवश्यकता रहेको र यस्तो व्यवस्था विभिन्न संघ संस्थाहरुले मुक्त कम्लहरीहरुको शिक्षाको लागि सहयोग गर्दै आएकोले औपचारिक शिक्षासँगै प्राविधिक शिक्षा वा विभिन्न तालिममा संलग्न रहेको कुरा पाउन सकिन्छ ।

## ५.३ मुक्त कम्लहरी महिलाहरुको शैक्षिक अवस्था

नमुना चयन भएका ४० परिवारबाट छनोट हुन आएका सम्पूर्ण उत्तरदाताहरु महिला नै थिए । ती छनोट भएका मुक्त कम्लहरी महिलाहरुको शैक्षिक अवस्था निम्न अनुसार रहेको छ ।

**तालिका नं. १५**

**छनोट भएका महिलाहरुको साक्षरता स्थिति**

| क्र.सं. | शैक्षिक अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | लेखपढ गर्न सक्ने | २२ | ५५ |
| २ | लेखपढ गर्न नसक्ने | १८ | ४५ |
| | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

यस समुदायमा महिला शिक्षा बढ्नुमा अभिभावकहरुले शिक्षाको महत्व बुझेर छोरीले शिक्षा लिई भने आत्मनिर्भर बन्न सक्छे । हिसाब किताब राख्न सक्ने भई व्यापार व्यवसाय पनि सकिन्छ भनेर शिक्षामा सहभागी गराउन थालेको देखिन्छ । अध्ययन क्षेत्रमा हाल यहाँ नजिकै शैक्षिक संस्था भएकोले पढाउँदा टाढा पठाउनु पर्दैन भनेर पनि कति अभिभावकहरुले छोरीलाई विद्यालय पढाइएको पाइयो । सरकारी विद्यालयमा निःशुल्क शिक्षा दिने व्यवस्थाले गर्दा पनि छोरीको शिक्षामा संलग्नता बढेको पाइयो । यहाँ विभिन्न संघ संस्थाले पनि महिला शिक्षामा लगानी गरेकाले महिला शिक्षामा सुधार भएको अध्ययन क्रममा पाइयो ।

## ५.४ अध्ययन क्षेत्रका महिलाहरुले पढाइ छाड्नुका कारणहरु

कुनै पनि व्यक्तिको शिक्षालाई कस्तो गराउने भन्ने कुरा उक्त व्यक्ति रहेको समाजको वातावरणले पनि निर्धारण गर्दछ । समाजका व्यक्तिहरु परम्परागत मूल्य मान्यतामा विश्वास गर्ने खालका छन् भने उनीहरुले आफ्नो समाजमा त्यही अनुसारको शिक्षाको विकास गर्ने गर्दछन् । यस अध्ययन क्षेत्रका कम्लहरी महिलाहरुले विभिन्न कारणले गर्दा आफ्नो पढाइलाई निरन्तरता दिन सकेको देखिँदैन । जसको कारणलाई तालिका नं. १७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १६**

**पढाई छोड्नु पर्ने कारणहरु**

| क्र.सं. | कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक अवस्था कमजोर | ११ | ५० |
| २ | विवाह भएर | ५ | २२.७२ |
| ३ | असफल भएर | ३ | १३.६३ |
| ४ | परिवारले नपढाएर | २ | ९.०९ |
| ५ | विद्यालय टाढा भएर | १ | ४.५४ |
| | जम्मा | २२ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार सबैभन्दा बढी पढाइ छाड्नु पर्ने मुख्य कारण सानै उमेरमा विवाह गर्ने चलनले र विवाह पछाडि बुहारी पढ्नु हुँदैन भन्ने सामाजिक मान्यताले गर्दा बिचमा विद्यालय छाडेको पाइयो । त्यसैगरी पटक पटक फेल भएर पनि बिचमै पढाई छाडेको संख्या ३ जना अर्थात १३.६३ प्रतिशत रहेको पाइयो । त्यस्तै गरी आर्थिक अवस्था कमजोर भएको कारणले विद्यालय छाडेको संख्या ११ जना अर्थात् ५० प्रतिशत रहेको पाइयो । त्यसैगरी परिवारले नपढाएका २ जना अर्थात ९.०९ प्रतिशत रहेको पाइयो भने विद्यालय टाढा भएको कारणले गर्दा १ जना अर्थात् ४.५४ प्रतिशत संख्या रहेको अध्ययनको क्रममा पाइयो ।

अध्ययन क्षेत्रमा महिलाहरुले पढाई छाड्नु पर्ने कारणहरु तल विस्तृत रुपमा वर्णन गरिएको छ :

### (क) आर्थिक अवस्था कमजोर

कुनै पनि उद्देश्य हासिल गर्नका लागि आर्थिक पक्षको ठूलो आवश्यकता रहेको हुन्छ । शिक्षा हासिल गर्नका लागि विद्यार्थीको बौद्धिक पक्षको साथसाथै आर्थिक पक्षको पनि महत्वपूर्ण भूमिका रहन्छ । आर्थिक अवस्था नभएसम्म पढाइलाई अगाडि बढाउन सकिँदैन । अध्ययनको क्रममा एक जना उत्तरदातासँग गरिएको कुराकानीलाई यसरी प्रस्तुत गरिएको छ ।

व्यक्तिगत अध्ययन २ (पूर्व कम्लहरी)

| |
|---|
| १९ वर्षिय विमला चौधरी उनको बुबा र आमा अरुको घरमा कमैया छन् । ५ जनाको परिवार भए पनि पालिनै धौ धौ परेका विमलाका दाइसमेत अरुको घरमा काम गर्न बसेका थिए । पछि काम गर्न नसकेपछि भागेर भारत गए दाइ त काम गर्न नसकेपछि त्यसरी भारत पनि जान पाए तर विमलालाई त त्यो सुविधा पनि थिएन किनकि उनी छोरी थिइन् । जुन समाजमा छोरीलाई छोरा सरह जहाँ पायो त्यही जाने अनुमति छैन । उनले पनि ४ वर्ष कम्लहरी बसेर बेहोर्नुसम्म दुःख बेहोरेकी विमला बताउँछिन् । यसरी कम्लहरी बसेर पढाइलाई निरन्तरता दिन नसकेको बताउँछिन् । अलिअलि कमाएको पैसाले पनि बुबा आमाले परिवारको खर्चको लागि ल्याएको ऋण तिर्न लग्ने गरेको कुरा बताउँछिन् । |

माथिको तालिका, घटना अध्ययन पछि के देखिन्छ भने शिक्षा भन्ने कुरा आर्थिक पक्षसँग सम्बन्धित रहने भएकोले सबभन्दा बढी आर्थिक समस्याको कारणले शिक्षाबाट बञ्चित रहेको देखिन आउँछ । जति आर्थिक अवस्था कमजोर छ त्यति नै शिक्षाको दर पनि कम रहेको पाइन्छ । त्यसैले शिक्षालाई प्रभाव पार्ने प्रमुख तत्वको रुपमा आर्थिक अवस्था रहेको देखिन्छ ।

यस अध्ययनलाई हेर्दा छोरीलाई पढाउन भन्दा छोरालाई पढाउनमा अग्रसर भएको पाइयो । छोरीलाई शिक्षामा छोराको भन्दा कम महत्व दिएको हुन सक्छ । छोरा र छोरी बीचको लैंगिक विभेदले र आर्थिक अवस्था पनि कमजोर भएका कारणले पनि छोरा र छोरीको शिक्षामा लैंगिक विभेद गर्ने उल्लेख्य भूमिका खेलेको हुन्छ ।

**(ख) पढाईमा असफलता**

आफ्नो पढाईलाई निरन्तरता दिन नसकेका महिलाहरुसँग अध्ययनका क्रममा अनुसन्धानकर्ताले उत्तरदाता महिलालाई किन पढाइ छोड्नु भयो भन्दा बारम्बार परिक्षामा फेल भएको कुरालाई बताए । उनीहरु मध्ये एक जनासँग गरिएको व्यक्तिगत कुराकानीलाई यहाँ प्रस्तुत गरिएको छ ।

व्यक्तिगत अध्ययन ३

| |
|---|
| २१ वर्षीय दिल कुमारी चौधरी २०६६ सालमा कक्षा १० को टेष्ट पास गरेको बताइन । त्यसपछि ३ पटक सम्म एस.एल.सी. पनि दिएको तर पनि ३ पटकसम्म फेल हुँदा आफूसँग पढेका साथीहरु उच्च शिक्षा हासिल गरिसक्दा पनि उनि एस.एल.सी. दिएर नै बसे । ३ पटक सम्म पनि एस.एल.सी. दिँदा पनि सफल नहुँदा उनलाई पनि लाज लागेर आयो र घरमा अभिभावकले पनि गाली गर्दा पढाइ छोडेको बताइन् । विद्यालयमा जे पढ्यो त्यसैको आधारमा परीक्षा दिनु पऱ्यो । घरमा आफूलाई कहिल्यै पढ्ने समय नभएको बताइन् । घरमा बाबु आमालाई घरायसी काममा र कृषि काममा सघाइ रहनु पर्छ । त्यसैगरी खाली समय कति पनि नहुने र जसका कारण घरमा एकछिन पनि पढ्न लेख्न नपाउने यथार्थता बताइन् । |

माथि गरिएको कुराकानीबाट अध्ययन क्षेत्रका महिलाहरुको घरमा पढ्नको लागि समय नहुने र घरमा सबै खाले घरायसी, कृषिको कामहरु गर्नु पर्ने हुन्छ । उनीहरु विद्यालयको भरमा मात्र परीक्षा दिने भएकोले परीक्षामा असफल हुन पुग्छन् । चेतनाको कमिले गर्दा अभिभावकहरुले फेल भए पनि उनीहरुलाई पढ्नु पर्छ भन्ने हौसला नदिएर उल्टै गाली गरी निरुत्साहित गरेका कारणले पढाइ छाडेको पाइयो ।

**(ग) विवाह भएर**

विवाह एक सामाजिक प्रत्रिया हो अध्ययन क्षेत्रमा व्यक्तिको शिक्षामा कस्तो पहुँच रहेको छ भन्ने कुरालाई उसको वैवाहिक स्थितिको पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा भूमिका खेलेको हुन्छ । थारु समुदायमा छोरीको छिटो विवाह गरिदिने चलन र बुहारी, छोरीलाई पढ्न पठाउँदा बिग्रन्छन् भन्ने जस्ता परम्परावादी सोचको कारणले विवाह पछि उनीहरुले

आफ्नो शिक्षा पुरा गर्न पाउँदैनन् विवाहले पनि प्रत्यक्ष वा अप्रत्क्ष रुपमा नकारात्मक प्रभाव पारी पढाई छोड्नु पर्ने कारणहरु अध्ययन क्षेत्रका महिलाहरुले व्यक्त गरेको पाइन्छ ।

### (घ) घरपरिवारले नपढाएर

महिलाहरु शिक्षामा बञ्चित हुनुको कारण परम्परागत सामाजिक सांस्कृतिक कारण पनि रहेको पाइयो । परम्परागत सोचका कारण समाजमा रहेका मानिसहरुले छोरी बिहे गरेर अर्काको घरमा जाने जात हो जति पढे पनि अर्काको घरमा जानु परिहाल्छ त्यसैले छोरीले पढ्न पर्दैन अक्षरसम्म चिन्दा हुन्छ भन्ने धारणाले परिवारले नपढाएको अध्ययन क्षेत्रका क्रममा पाइयो ।

## ५.५ महिला शिक्षा प्रति मुक्त कम्लहरीको धारणा

मुक्त कम्लहरी समुदायमा महिला शिक्षा सम्बन्धी धारणाका बारेमा बुझ्न खोज्दा छोरा-छोरी दुवैलाई समान रुपमा शिक्षा दिनुपर्छ भन्ने धारणा रहेको व्यक्तिहरु बढी पाइयो । नगन्य रुपमा मात्रै छोरीलाई भन्दा छोरालाई राम्रो शिक्षा दिनुपर्छ भन्ने भावना समुदायमा रहेको पाइयो । अध्ययन क्षेत्रका मुक्त कम्लहरी महिलाहरुले हामी अरुको घरमा कम्लहरी बस्नु पर्ने बाध्यताका कारण शिक्षा प्राप्त गर्न नसकेको र अबको नयाँ पिँढीले अनिवार्य रुपमा सबैले शिक्षा प्राप्त गर्नु राम्रो कुरा हो भन्ने धारणा व्यक्त गरेका छन् । अनुसन्धानको क्रममा महिला शिक्षाप्रतिको धारणा तलको तालिकामा प्रस्तुत गरिएको छ जुन यस प्रकार छ ।

**तालिका नं. १७**

**महिला शिक्षा प्रति मुक्त कम्लहरीको धारणा**

| क्र.सं. | महिलाले पढ्नु पर्नाका कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आत्मनिर्भर बन्न | १० | २५ |
| २ | जागिर खान | ७ | १७.५ |
| ३ | परिवार शिक्षित बनाउन | ५ | १२.५ |
| ४ | माथिका सबै | १६ | ४० |
| ५ | जान्ने बुझ्ने हुन | १ | २.५ |
| ६ | आत्म विश्वास बढाउन | १ | २.५ |
| | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. १७ अनुसार १० जना अर्थात् २५ प्रतिशत महिलाले आत्मनिर्भर बन्नको निम्ति महिलाले पढ्नै पर्ने धारणा राखेका छन् भने ७ जना अर्थात् १७.५ प्रतिशत जागिर खानका लागि महिलाले पढ्नु पर्ने धारणा राखेका छन् । त्यसै गरी ५ जना अर्थात् १२.५ प्रतिशत परिवार शिक्षित बनाउन महिलाले पढ्नु पर्ने धारणा राखेका छन् । विवाह गर्नकै निमित्त मात्रै महिलाले पढ्नु पर्ने धारणा कसैको पनि पाइएन । महिलाले पढ्नु माथिका सबै कारणको निमित्त आवश्यक छ भन्नेमा १६ जना अर्थात् ४० प्रतिशतको धारणा आएको छ भने जान्ने बुझ्ने हुन पढ्नु पर्ने र आत्मविश्वास बढाउन पढनु पर्ने धारणा १/१ जना अर्थात् २.५/२.५ प्रतिशत उत्तरदाताले धारणा राखेका छन् ।

जस्तैः २० वर्षिय शारदा चौधरीले महिलाहरुले आत्मनिर्भर बन्नका लागि पढ्नुपर्छ भन्ने बताइन् जसको कारणमा उनले महिलाले शिक्षा पाए भने आत्मनिर्भर बन्ने अरुको भर पर्न नपर्ने र एउटी महिला शिक्षित भयो भने परिवारलाई नै शिक्षित पार्न सकिन्छ । आत्मविश्वासका साथ व्यवहार गर्न महिलाले पढ्नु पर्छ भन्ने कुरा बताइन् ।

## ५.६ शिक्षामा समान अवसर र सुविधा दिने नदिने आधारमा मुक्त कम्लहरी महिलाको विवरण

कुनै पनि समुदाय समाजमा रहेका हरेक मानिसहरुलाई अवसर र सुविधा एउटै हुनुपर्छ । अध्ययन क्षेत्रका महिलाहरुलाई अवसर र सुविधा कस्तो पाइरहेका छन् त भन्ने कुरा तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका नं. १८**

**शिक्षामा समान अवसर र सुविधा दिने नदिने आधारमा मुक्त कम्लहरीहरुको विवरण**

| सूचक | अवसर | सुविधा | प्रतिशत |
|---|---|---|---|
| बराबर | ३६ | ३६ | ९० |
| पुरुषलाई बढी | ४ | ४ | १० |
| | ४० | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. १८ अनुसार ३६ अर्थात् ९० प्रतिशत महिलाहरुले महिला र पुरुषलाई समान अवसर र सुविधा दिनुपर्ने धारणा राखेका छन् । जसलाई सकारात्मक मान्नु पर्दछ । ४ जना अर्थात् १० प्रतिशत महिलाहरुले पुरुषलाई अवसर र सुविधा बढि दिनुपर्ने धारणा राखेका छन् । बराबर हुनुपर्छ भन्ने ३६ जना महिलाहरु अहिलेको समयमा छोराछोरीलाई विभेद गर्न हुँदैन । छोरा र छोरीमा केही फरक छैन । छोराछोरी बराबर हो । त्यसैले उनीहरुलाई समान अवसर र सुविधा पाउनु पर्छ भन्ने धारणा राखेका छन् । पुरुषलाई बढी अवसर र सुविधा दिनुपर्छ भन्ने महिलाहरुले छोरी विवाह गरेर अर्काको घरमा जाने र छोराले आमाबाबुलाई पाल्ने हुँदा छोरालाई नै बढी अवसर र सुविधा दिनु पर्दछ भन्ने धारणा राखेको अध्ययन क्षेत्रको महिलाहरुबाट पाइयो ।

## ५.७ थारु समुदायको अघिल्लो पुस्ता र पछिल्लो पुस्ता बीचमा शिक्षालाई हेर्ने दृष्टिकोण

अघिल्लो पुस्ताका मानिसहरुको शिक्षालाई अनिवार्य पक्षका रुपमा लिएका थिएनन् । उनीहरुमा पढ्नु पर्छ भन्ने ज्ञान थिएन । धेरैजसो अध्ययनमा संलग्न भएका छैनन् भने थोरै मात्रामा अध्ययनमा संलग्न भएता पनि अध्ययन पूरा नै नगरी बीचमा नै अध्ययन छाडेका छन् । जसको मुख्य कारण के के हुन् भनि अध्ययन क्षेत्रका महिलालाई कुरा गर्दा १ जनासँग गरिएको कुराकानीलाई यसरी प्रस्तुत गरिएको छ ।

व्यक्तिगत अध्ययन ४

| |
|---|
| ४५ वर्षिय आभा चौधरीका अनुसार- उनको बुबा आमाको आर्थिक अवस्था कमजोर थियो । हाम्रो समयमा व्यापक रुपमा कम्लहरी प्रथा भएकोले मालिकको घरमा काम गर्नुपर्थ्यो, बुबाआमाले पढाइको महत्व नबुझ्नु र आफूलाई पनि पढ्नुपर्छ भन्ने थाहा नभएको बताइन् । उनले आफू काम गर्न बसेको घरका छोराछोरी स्कुल पढेर शिक्षित भई जागिर खान सक्ने भएको देखेर पढेलेखेको मान्छेलाई कसैले ठग्न सक्दैन । पढेलेखेको मान्छे बाठो हुँदो रहेछ अनि जुनसुकै ठाउँमा गएर पनि काम गरेर खान सकिदो रहेछ भन्ने थाहा भएको बताइन् त्यही धारणाले गर्दा आफू पढ्न नपाए पनि आफू पछिको पिँढीले पढ्नु पर्ने धारणा व्यक्त गरिन् । |

महिला शिक्षाको बारेमा भन्दा पहिले छोरी मान्छे अर्काको घरमा कम्लहरी बस्ने चलन मालिकको घरमा काम गर्नुपर्ने उनीहरुले स्कुल नपठाउने, चेतनाको कमी, शैक्षिक संस्था नजिकै नहुनु, आर्थिक अवस्था कमजोरु भएका कारणले महिलाहरुको अध्ययनमा कम संलग्नता थियो भन्ने दृष्टिकोण व्यक्त गरे । अहिले आएर महिलाले पनि शिक्षामा पुरुष सरह अवसर र सुविधा पाउनु पर्छ भन्ने धारण धेरैमा पाइयो ।

महिलाले किन पढ्नु पर्छ भन्ने प्रश्नमा अघिल्लो पुस्ताका मानिसले छोरीले पढी भने हामीहरु जस्तो दुःख पाल्दैन पढेकै राम्रो श्रीमान् पाउँछे, जागिर खाएर पैसा कमाउन सक्ने हुन्, कसैले ठग्न सक्दैन, आफ्नो परिवारलाई राम्रो मार्गनिर्देशन दिन महिला शिक्षित भयो भने उसले आफ्ना छोराछोरीलाई राम्रो हेरचाह शिक्षा दिक्षा दिन सक्छन् भनने धारणा व्यक्त गरेको पाइयो । अध्ययन क्षेत्रमा महिलाले पहिले शिक्षाको महत्व नबुझे पनि अहिले आएर शिक्षाको महत्व बुझ्न थालेका छन् जुन कुरा थारु समुदायमा छोरीलाई कम्लहरी राख्न छोडेर शिक्षमा बढि संलग्नता बढेकोबाट पनि प्रष्ट हुन्छ । अहिले उनीहरु शिक्षालाई अनिवार्य पक्षका रुपमा लिन थालेको र उनीहरुको शिक्षाप्रति सकारात्मक दृष्टिकोण छ । अहिलेको पुस्ताले शिक्षालाई अत्यन्त महत्वपूर्ण पक्षका रुपमा लिएका छन् । आफ्नो अघिल्लो पुस्ताहरु निरक्षर भएर नै हामी थारु समुदायका महिलाहरु सरकारी, गैर सरकारी कार्यालयको उच्च तहसम्म पुग्न सकेका छैन । अब हामीले पढेर थारु महिलाको शैक्षिक अवस्था सुधार्नुपर्छ, शिक्षा बिना मानिसको जीवन अपुरो हुन्छ । बदलिदो संसारलाई बुझ्न, आत्मनिर्भर शैक्षिक भई बाच्न आत्मविश्वास बढाउन, परिवारलाई शिक्षित पार्न, आफ्नो परिवारको शैक्षिक स्तर सुधार्न, समाजमा सम्मानपूर्वक जीवन यापन गर्न, देशको विकास गर्न, समाजबाट कम्लहरी, कमैया जस्ता पक्ष हटाउनको लागि पढनु पर्छ भन्ने दृष्टिकोण व्यक्त गरे ।

महिला पुरुष शिक्षामा समान अवसर र सुविधा पाउनु पर्छ साथै विवाहित महिलाले पनि आफ्नो इच्छा अनुसार अध्ययनलाई निरन्तरता दिन पाउनुपर्छ भन्ने शिक्षा प्रति सकारात्मक दृष्टिकोण पाइयो ।

# अध्याय- छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

नेपालमा सबै महिलाको शैक्षिक अवस्था समान रहेको छैन सबै क्षेत्रको शैक्षिक संस्थाको सम्बन्धमा अध्ययन पनि गरिएको छैन र गरिएका केही अध्ययनहरुमा एक त महिलाको शैक्षिक अवस्थालाई मात्र केन्द्रबिन्दु बनाएको छैन भने अर्कोतर्फ प्राप्त तथ्याङ्कहरुमा पनि एकरुपता रहेको छैन । थारु समुदायको शैक्षिक, राजनीतिक, आर्थिक अवस्था अन्य बाहुन, क्षेत्री, राई, लिम्बुको भन्दा न्यून स्तरको रहेको छ । नेपाली समाजमा सैद्धान्तिक रुपमा त्यस्तै व्यवहारिक रुपमा शैक्षिक प्रणालीमा अझै परिवर्तन आउन सकेको छैन । नेपाली समाजमा अझै परम्परावादी सोचबाट ग्रसित छ । आर्थिक स्थिति कमजोर भएका थारु परिवारले छोरीलाई कम्लहरी बस्न पठाउने र थोरै भए पनि छोरालाई नै पढाउन चाहन्छन् । समाजशास्त्रीय अध्ययनहरुलाई हेर्दा हिमाली र पहाडी क्षेत्रका जाति जनजातिका बारेमा अध्ययन धेरै भएका छन् । तिनका तुलनामा तराई क्षेत्रमा यस्ता अध्ययनहरु कम भएका छन् । त्यसैले तराई क्षेत्रमा आदिवासी मध्ये मुक्त कम्लहरी समुदायका महिला शिक्षासँग सम्बन्धित विविध पक्षहरुको अधययन गर्ने उद्देश्यका साथ गरिएको यस अनुसन्धानमा अध्ययन क्षेत्रमा महिलाको शैक्षिक अवस्था बुझ्ने, महिला शिक्षा प्रति मुक्त कम्लहरी समुदायको धाधरणा बुझ्ने, समुदायको अघिल्लो पुस्ता र पछिल्लो पुस्ता बीचमा शिक्षालाई हेर्ने दृष्टिकोण पत्ता लगाउने विशिष्ट उद्देश्य रहेका छन् ।

पूर्व साहित्यको पुनरावलोकन गर्ने क्रममा शिक्षाको अवधारणा सामाजिक लिङ्ग सम्बन्धी लेख, पुस्ताका साथै सम्बन्धी अध्ययन गरिएका शैक्षिक सामग्रीको बारेमा चर्चा छ । अनुसन्धानका वर्णात्मक र अन्वेषणात्मक ढाँचामा गरिएको यस अनुसन्धानको क्षेत्र मानपुर गा.वि.स. को थारु जातिको बसोबास रहेको मानपुर गा.वि.स. हो । गाउँमा रहेका १३३ परिवार संख्या नै अनुसन्धानको समग्र हो । र्‍यान्डम विधिबाट ४० घर परिवार नमुना छनोट भएका प्रत्येक परिवारबाट १५ वर्ष माथिको एक महिलालाई उत्तरदाताको रुपमा चयन गरिएको छ । आवश्यकता अनुसार गुणात्मक र परिमाणात्मक तथ्याङ्कहरु प्राथमिक तथा

द्वितीय स्रोतबाट संकलन गरी विश्लेषण गरिएको यस अनुसन्धानबाट प्राप्त हुन आएका तथ्यहरुको सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

अनुसन्धान गरिएको क्षेत्रमा निरक्षर महिलाहरु १८ जना रहेको छ । अनौपारिक साक्षरताको संख्या १४ जना रहेको छ । औपचारिक साक्षर ८ जना रहेको छ । ४६.४७ प्रतिशत पुरुषहरु र ४१.४४ प्रतिशत महिलाहरु विवाहित रहेका छन् भने विदुरतर्फ ५.४० प्रतिशत रहेका छन् । प्रति परिवार औषत ५.२८ रहेको परिवारमा ७७.५ प्रतिशत एकात्मक र २२.५ प्रतिशत संयुक्त परिवारहरु छन् । ८५ प्रतिशत परिवारमा पुरुष प्रमुख रहेका छन् भने १५ प्रतिशत परिवारमा महिला प्रमुख रहेका छन् । परिवारको प्रमुख पेशा कृषि भए पनि सो बाहेक ज्याला, मजदुर, व्यापार, वैदेशिक रोजगार, सरकारी, जागिर आदि पेशा पनि रहेको पाइन्छ ।

यहाँको समाजमा महिलालाई कम्लहरी बस्न लगाउने र चाँडो विवाह गर्ने र विवाहित बुहारीलाई नपढाउने चलन रहेको छ । पढ्न पाउनु पर्ने धारणा राख्ने महिलाहरु स्वयं विवाहको कारणले अध्ययन छोड्न बाध्य छन् । महिलालाई कम्लहरी राख्ने र छिटो विवाह गरिदिने प्रचलन भएका कारण यहाँका महिलाको उच्च शिक्षामा सहभागिता कम रहेको छ ।

कमजोर आर्थिक अवस्थाका कारणले गर्दा महिलाहरु अध्ययनलाई निरन्तरता दिन नसक्ने कुरा अनुसन्धानबाट पुष्टि भएको छ । आर्थिक अभावका कारण खानको लागि मात्र कम्लहरी बस्नु पर्ने बाध्यता अनि कम्लहरी बसेको ठाउँमा नपढाउने काममा मात्र लगाउने कारणले गर्दा उच्च शिक्षामा थारु महिला सहभागिता घट्दै गएको छ । कमजोर आर्थिक अवस्थाका कारणले गर्दा महिलाहरु अध्ययनलाई निरन्तरता दिन नसक्ने कुरा अनुसन्धानबाट पुष्टि भएको छ । आर्थिक अभावका कारण कामको खोजी गर्नु पर्ने बाध्यता अनि काम र अध्ययनलाई सँगै अगाडि बढाउन नसकिने अवस्थाले गर्दा पनि उच्च शिक्षामा महिला सहभागिता घट्दै गएको छ ।

यहाँको समाजमा पहिला महिलाको सहभागिता कम रहे पनि कमैया, कम्लहरी प्रथा उन्मुलन पछि महिलाको शिक्षामा सहभागिता बढ्दै गए पनि उच्च शिक्षा सम्म पुग्दा पढाइ छाड्नु पर्ने अवस्था रहेको छ । मुक्त कम्लहरी महिलाहरुमध्ये महिला र पुरुषलाई शिक्षामा

समान अवसर र सुविधाको पक्षमा ९७.२२ प्रतिशत र पुरुषलाई बढी अवसर र सुविधा दिनु पर्ने धारणा २.७८ को रहेको छ । समानताको कुरा मुक्त कम्लहरी महिलाहरुको धारणा हुन् तर वास्तविक व्यवहारमा भने पूर्ण रुपमा खासै गुञ्जायस देखिँदैन ।

बदलिदो समयसँगै र मुक्त कम्लहरी गर्ने जस्ता कार्यक्रमले गर्दा समुदायको युवा युवतीहरुमा शैक्षिक, जागरण, यो सँगै सिपमुलक तालिम र प्राविधिक शिक्षाप्रति सहभागिता बढ्दै गएको देखिन्छ । यस समुदायमा वरिपरी ब्राह्मण, क्षेत्री आदि रहेको जसको शिक्षाको स्तर उच्च रहेको निजी तथा सरकारी विद्यालय नजिकै भएको र अभिभावकले शिक्षाको महत्व बुझ्दै जानुका साथै अनिवार्य प्राथमिक शिक्षा, सिमान्तकृत विद्यार्थीको लागि छात्रवृत्ति, रोजगारीको लागि साक्षरताको आवश्यकता आदिले गर्दा साक्षरता स्थिति बढ्दै गएको देखिन्छ ।

शैक्षिक संस्था नजिकै नभएर, शिक्षाको महत्व नबुझेर, पढे पनि नपढे पनि विवाह गरेर अर्काको घर गएर काम गर्नु पर्छ भन्ने धारणा र आफ्नो इच्छा नहुँदा नहुँदै पनि बाबुको निर्णयमा आर्थिक अवस्था कमजोर भएका कारण खानको लागि मात्र वा ऋण लिएको कारणले छोरी श्रीमती कम्लहरी बस्नु पर्ने बाध्यताका कारणले थारु महिलाको साक्षरता दर कम थियो । हाल यस समुदायमा अभिभावकले शिक्षाको महत्व बुझ्दै जानु, कम्लहरी, कमैया प्रथाको अन्त्य हुनु, विभिन्न संघ संस्थाको सहयोग प्राप्त गर्नु आदि कारणले विद्यालय तहसम्म हेर्दा सहभागिता ठीकै देखिन्छ तर आमा बुबालाई खेतीमा, घरमा सघाउनु पर्ने बाध्यता, आर्थिक अभावका कारण ज्याला मजदुरी गर्न जानु पर्ने बाध्यताका कारण त्यहाँका युवायुवतीको उमेर बढ्दै जाँदा विद्यालयमा सहभागिता घट्दै गएको देखिन्छ । साथै आर्थिक अभाव, चेतनाको कमि, चाँडो विवाह, कम्लहरी बस्नु पर्ने बाध्यता र कृषिमा आश्रित पेशा हुनु आदि कारणले गर्दा उच्च शिक्षामा अझै पनि उल्लेखनीय संलग्नता पाइदैन ।

## ६.२ निष्कर्ष

वर्तमान बदलिने युगमा शिक्षाको महत्व बढ्दै गइरहेको छ । अध्ययन क्षेत्रमा पनि अभिभावक, छोराछोरीमा शैक्षिक चेतनाको वृद्धि भएको छ भन्न सकिन्छ । यहाँको समग्र शैक्षिक अवस्था सन्तोषजनक नै छ । तर शिक्षाको तह बढ्दै जाँदा विद्यालयमा सहभागिता

घट्दै गएको देखिन्छ । अझ एस.एल.सी. माथिको शिक्षामा एक्कासी गिरावट आउनुले भने शैक्षिक अवस्था कमजोर नै रहेको प्रमाणित गर्दछ । यहाँका प्रौढ महिलाहरु प्राय निरक्षर छन् । वर्तमानमा तालिकाहरुको विद्यालयमा सहभागिता बढ्दै गएको र अभिभावकहरु पनि केही सकारात्मक देखिएका छन् । यहाँ शिक्षामा छोरी र बुहारीलाई समान अवसर नदिनाले विवाहितहरुको तुलनामा अविवाहित कै शैक्षिक अवस्था राम्रो छ । यहाँ प्राय सम्पूर्ण अविवाहितहरु औपचारिक शिक्षामा संलग्न छन् ।

यहाँको समाजमा उच्च शिक्षामा महिलाको कम संलग्नता रहेको देखिन्छ । जसको कारणमा कम्लहरी बस्नु पर्ने बाध्यता, चाँडो उमेरमा विवाह गरिदिने प्रचलन, विवाह पछाडि बुहारीलाई पढाउने चलन नहुँदा महिलाले अध्ययनलाई निरन्तरता दिन पाउँदैनन् । घरको, खेतिपातीको काममा सघाउनु पर्ने भएकाले अध्ययनमा ध्यान दिन नपाउँदा परीक्षामा बारम्बार असफल हुन पुग्छन् र असफल भएका अभिभावकहरुद्वारा उनीहरुलाई दुरुत्साहन गरिन्छ । उच्च शिक्षा महँगो हुनाले आर्थिक विपन्न भएकाहरुको पहुँच नपुग्दा महिला उच्च शिक्षामा कम संलग्न छन् ।

बदँलिदो समय परिस्थितिले गर्दा शिक्षाको महत्व पनि बढ्दै गइरहेको छ । अध्ययन क्षेत्रमा पनि अभिभावक, छोराछोरीमा शैक्षिक चेतनाको वृद्धि भएको छ भन्न सकिन्छ । अध्ययन क्षेत्रको मुक्त कम्लरीहरुको शैक्षिक अवस्था सन्तोषजनक रहेता पनि महिलाहरुको शिक्षाको तह बढ्दै जाँदा विद्यालयमा सहभागिता घट्दै गएको देखिन्छ । मानपुर गा.वि.स. का मुक्त कम्लहरीहरुको तुलनात्मक शैक्षिक अवस्थाको अध्ययन निष्कर्षमा पुग्दा निम्न बुँदाहरु पाउन सकिन्छ जुन तल प्रस्तुत गरिएको छ ।

- महिला पुरुष सरह पढे लेखेको भए पनि परिवारमा पुरुष कै निर्णय प्रमुख हुन्छ, जुन समुदाय पुरुष प्रदान रहेको पाइयो ।
- अध्ययन क्षेत्रका महिलाहरु शिक्षाको अवसरबाट बञ्चित नै रहेको पाइयो ।
- समयको परिवर्तनसँगै आफ्नो छोरीहरुलाई कम्लहरी राख्न नपठाई विद्यालय पठाउनु पर्छ भन्ने चेतना आएको पाइयो ।
- औपचारिक साक्षरता महिलाको संख्या भन्दा अनौपचारिक महिलाहरुको संख्या बढी रहेको पाइयो ।

- प्रा.वि. शिक्षा अनिवार्य र सरकारी विद्यालयमा सिमान्तकृत विद्यार्थीलाई निःशुल्क शिक्षा दिने र छात्रवृत्ति दिने व्यवस्थाले गर्दा पनि छोरीको शिक्षामा संलग्नता बढेको पाइयो ।
- कमैया, कम्लहरी प्रथा जस्ता समाजका कुप्रथा हटाउने कार्यक्रमले गर्दा पनि थारु महिलाको शिक्षामा सहभागिता बढेको पाइन्छ ।
- सरकारले कम्लहरीलाई दिने व्यवस्था र विभिन्न वाह्य र आन्तरिक संघसंस्थाको माध्यमको सहयोग र साथले गर्दा पनि थारु महिलाहरुको शिक्षामा केहि मात्रामा भए पनि सहभागिता बढेको पाइन्छ ।
- चेतना र अशिक्षाको कारणले गर्दा परम्परागत धारणालाई यथावत नै कायम राखेको पाइयो ।
- शिक्षाको कमिले आयमुलक काममा नलागेर बढी महिलाहरु कृषि, ज्याला मजदुरी पेशामानै संलग्न रहेको पाइयो ।
- अघिल्लो पुस्तामा शिक्षाको महत्व नबुझि नकारात्मक दृष्टिकोण राखेको पाइयो भने पछिल्लो पुस्तामा शिक्षाप्रति पूर्ण सकारात्मक दृष्टिकोण रहेको पाइयो ।

महिलाहरुले अध्ययनलाई निरन्तरता दिन नसक्नुको कारणहरु धेरै कमजोर आर्थिक अवस्था, कम्लहरी बस्नु पर्ने बाध्यता, सानै उमेरमा विवाह, कक्षामा बारम्बर असफल भएका कारण स्कुल टाढा भएका कारण आदिले गर्दा अध्ययनलाई निरन्तरता दिन नसकेको उत्तरदाता महिलाहरुबाट प्रस्ट रुपमा पाइयो ।

# सन्दर्भ सामग्री


आचार्य, बलराम (वि.सं. २०७०) । *लैङ्गिक र महिलावादी अध्ययन*। भोटाहिटी, काठमाडौं : नेसनल बुक सेन्टर ।

आचार्य, बलराम (वि.सं. २०६७) । *सामाजिक लैङ्गिक विभेद एक अवधारणा र व्यवहार, सचेतना* । भोटाहिटी, काठमाडौं : नेसनल बुक सेन्टर ।

इन्सेक (सन् २००४) । *आदिवासी जनजाति र मानव अधिकार*। मानव अधिकार वर्ष किताब । काठमाडौं : इन्सेक ।

इन्सेक (वि.सं. २०४९) । *नेपालमा कमैया प्रथा भित्र बाँधा मजदुर*। पृ.३७-४५ । काठमाडौं : इन्सेक ।

कानून किताब व्यवस्था समिति (२०७२) । काठमाडौं : नेपालको संविधान २०७२ ।

कुँवर, लो (वि.सं. २०६६) । *किन हुन सकेन कम्लहरी प्रथाको अन्त्य ?* मर्निङ बेल दैनिक, २ असोज, पृ. ३ ।

केन्द्रिय तथ्याङ्क विभाग (२०५४) । राष्ट्रिय जनगणना । रामशाह पथ, काठमाडौं : नेपाल सरकार, जनसंख्या तथा वातावरण मन्त्रालय ।

केन्द्रिय तथ्याङ्क विभाग (२०६८), राष्ट्रिय जनगणना । रामशाह पथ, काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

खत्री, प्रेम कुमार (वि.सं. २०३६) । *हाम्रो समाज र संस्कृति*। त्रिभुवन विश्वविद्यालय : CEDA ।

गौतम, टेकनाथ (वि.सं. २०४४) । *थारु पुराण*। दाङ श्री आम्बिका ट्रेडर्स ।

गौतम, टेकनाथ (वि.सं. २०४४) । *थारु जातिको इतिहास तथा संस्कृति*। काठमाडौँ : साझा प्रकाशन ।

चौधरी, सौगातबीर (वि.सं. २०६५) । *नेपालमा कमैयाहरुको अवस्था* । काठमाडौँ : जनजाति उत्थान प्रतिष्ठान ।

नेपालको अन्तरिम संविधान (२०६३) । काठमाडौं : श्री चण्डेश्वरी प्रकाशन प्रा.लि. ।

प्रसाद, मोहनलाल (२०३४) । *थारु जाति र शिक्षा*। काठमाडौं : साझा प्रकाशन ।

फुजिकूरा, ताप्सुरो (सन् २००४) । *कमैया आन्दोलन र धैर्यताको राजनीति* । नेपालमा गरिबीको बहस । भास्कर गौतम, जगन्नाथ अधिकारी र पूर्ण बस्नेत, पृ.१८४-१९६ । काठमाडौं : मार्टिन चौतारी ।

पौडेल, लेखनाथ (वि.सं. २०५०) । *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा प्रतिभा* । काठमाडौं : पुस्तक भण्डार ।

भूमिसुधार मन्त्रालय (वि.सं. २०६४) । *मुक्त कमैया पुर्नस्थापना सम्बन्धी प्रतिवेदन* । काठमाडौं : नेपाल सरकार ।

बेस (सन् २००९) । वार्षिक प्रतिवेदन । तुलसीपुर, दाङ्ग : बेस ।

राष्ट्रिय हलिया मुक्ति समाज महासंघ (२०६६) । मुक्त हलियाको आवाज । वर्ष ३, अंक, राष्ट्रिय हलिया मुक्ति समाज महासंघ ।

लामिछाने, रघुनाथ (वि.सं. २०६०) । *के हो कमैया प्रथा ?* मुक्त कमैया, पृ. ९ । दाङ व्याक वार्ड सोसाइटी एजुकेशन ।

लामिछाने, रघुनाथ (वि.सं. २०६६) । *कम्लहरी* । पृ. १६-२३ । असहाय साथी नानीहरुको दाङ्ग (एफ.एन.सी.) ।

विष्ट, डोरबहादुर (२०३९) । *सबै जातको फूलबारी* । काठमाडौं : साझा प्रकाशन ।

INSEC (2004). *Adivasi Janajati Ramanav Adhikar in Human Rights* year book Kathmandu, INSEC.

Khanal, B.K. (1998). *Educational Condition of Tharu in Nepal : A Sociological Study of the Tharu of Tara Ganpur VDC, Dang*. A Thesis Submitted to the Department of Sociology, Kathmandu, Tribhuvan University.

Luitel, S. (2008). *Gender Studies*. Kathmandu : Academic Book Centre.

Rajaure, D. (1981). *The Tharu women of Sukhrwar, the status of women in Nepal*. Volume 11, Part 3 (CEDA) Center for Economic Development and Administration T.U., Kathmandu, Nepal.

## परिशिष्ट- १

## घरधुरी सर्वेक्षण

## उत्तरदाताको विवरण

मिति : ........................

१. उत्तरदाताको नाम :

उमेर : लिङ्ग :

शिक्षा : जाति :

परिवार संख्या वडा नं. :

२. परिवारिक विवरण

| सदस्यको नाम | उत्तरदातासँगको सम्बन्ध | लिङ्ग | उमेर | वैवाहिक सम्बन्ध | पेशा | शिक्षा | बसोबासको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

३. तपाईको परिवारमा मासिक आम्दानी कति छ ?

४. तपाईको आफ्नो उत्पादनले कति महिना खान पुग्छ ?

५. नपुगेको महिनामा के गरी खानुहुन्छ ?

६. तपाईको परिवारमा रोजगारीमा कोही हुनुहुन्छ ?

७. (भएमा) के मा हुनुहुन्छ ?

८. तपाईको परिवारको स्वामित्वमा रहेको जमिन कति छ ?

(क) घर (ख) कट्ठा (ग) विघा

९. तपाईको घरमा यस्तो सुविधाहरु छ कि छैन ?

| सुविधा | छ | छैन |
|---|---|---|
| सफा खानेपानीको व्यवस्था | | |
| चर्पी | | |
| टेलिभिजन | | |
| रेडियो | | |
| टेलिफोन/मोबाइल | | |
| साइकल/वाइक | | |

## परिशिष्ट २
## अन्तर्वार्ताको प्रश्नावली विवरण

१०. तपाईको घरदेखि विद्यालय कति टाढा छ ?

११. कम्लहरीबाट मुक्त हुनुभन्दा पहिले राम्रो कि अहिले ?

(क) पहिले (ख) अहिले

(पहिले राम्रो माने पछि १३ नं. को प्रश्नमा जाने

अहिले भने पछि १४ नं. को प्रश्नमा जाने)

१२. कम्लहरी हुनुभन्दा पहिले किन राम्रो त ?

१३. मुक्त कम्लहरी भएपछि सरकारले तपाईलाई कस्तो सुविधा दिएको छ ?

(क) जग्गा/ऋण/सीप तालिम (ख) जग्गा/ऋण

(ग) जग्गा (घ) सीप तालिम

(ङ) ऋण (च) केही पनि दिएको छैन

१४. तपाईको टोलमा बोडिङ्ग र सरकारी शैक्षिक संस्थाहरु छन् ?

१५. तिनमा अध्ययन गर्ने छात्राको संख्या कति छ ?

१६. हाल विद्यालय जाने छात्राहरुको संख्या बढाउन के उपाय अपनाईएका छन् ?

१७. तपाई लेख्न पढ्न जान्नु हुन्छ ?

१८. (यदि नजान्ने भए) तपाईको टोलमा स्कुल थिएनन् ?

१९. (थिए भने) तपाई स्कुल कनि जानु भएन् ?

२०. (गएको भए) कति सम्म पढ्नु भयो ?

२१. त्यसपछि किन पढ्नु भएन ?

२२. छोरीको शिक्षामा ध्यान दिनुपर्छ जस्तो लाग्दैन ?

२३. छोरीको शिक्षाप्रति सामाजिक धारणा कस्तो छ ?

२४. छोराछोरीमा विभेद थियो तपाईको परिवारमा ?

२५. महिलाहरुको शिक्षामा न्यून सहभागिताको कारण के हुन सक्छ ?

२६. शिक्षित र अशिक्षित महिलाहरु बिचमा कस्तो भिन्नता छ ?

२७. सरकारी छात्रवृत्ति प्राप्त गर्नु भएको भए पढ्नु हुन्थ्यो ?

२८. विद्यालयमा छात्रा उपस्थिति वृद्धि गनृ के गर्नु पर्ला ?

२९. निर्णय प्रक्रियामा महिलाको सहभागिता कस्तो छ ?

३०. मुक्त भइसकेपछि तपाईले आफ्नो जीवनलाई कसरी अगाडि लग्नु भएको छ ?

(क) कृषि कार्य गरेर

(ख) सीपमूलक तालिम लिइ व्यवसाय गर्दै

(ग) सरकारी ऋण लिई व्यवसाय खोलेर

(घ) ज्याला मजदुरी गरेर

३१. मुक्त कम्लहरी सम्बन्धी बनेको ऐन कानुन बारे केही जानकारी छ ?

(क) थाहा छ (ख) थाहा छैन

(ग) अलिअलि थाहा छ (घ) अन्य खुलाउने